# अध्याय एक  : अध्ययनको परिचय

## १.१ पृष्ठभूमि

काठमाडौंबाट २२ कि.मी. पूर्व र बनेपाबाट ३ कि.मी. वाहिर रहेका काभ्रे पलान्चोक जिल्ला अन्तर्गत पर्ने नाला गाउँ विकास समितिमा जम्मा ९३ वटा गा.वि.स.हरु भएको यस जिल्लामध्ये उग्रचण्डी नाला एक महत्वपूर्ण गाउँ मानिन्छ । ऐतिहासिक दृष्टिकोणबाट पनि यो प्राचीन वस्तीको रुपमा प्रसिद्ध छ । यस ठाउँको नाउँ परिवर्तन हुँदै वर्तमान अवस्थामा “नाला” शव्दमा परिमार्जित भएको देखिन्छ । लिच्छविकालको राज्यमा राजा शिवदेव द्वितिय वि.सं. ७५१ भन्दा पहिले यस ठाउँको नाउँ “नालाङग्राम” मल्लकालमा “नालादेश” हाल नाम “नाला” को नाममा ऐतिहासिक तथा साँस्कृतिक महत्व देखिन्छ । यो गाउँ भक्तपुरदेखि १२ कि.मि. पूर्वतिर काभ्रे पलान्चोक जिल्लाको प्रमुख वाणिज्य केन्द्र वनेपा नगरपालिका देखि अढाई कि.मि.उत्तर-पश्चिमी दिशामा अवस्थित छ ।

यस गा.वि.स.मा कूल ७६१९ जनसंख्या (२०६७) रहेका छन् । जसमा पुरुषको संख्या ३७९६ र महिलाको संख्या ३८२३ रहेको छ । यहाँ कूल ४१०० नेवारहरु रहेको छ । यस गा.वि.स.मा नेवार र बाहुनको बाहुल्यता रहेको देखिन्छ र कम संख्यामा दमाई, तामाङ्ग जातिहरु देखिन्छन् । यस ठाउँका वासिन्दाहरु अत्याधिक हिन्दु धर्मावलम्वी छन् । हिन्दुमा पनि धेरै शाक्त र शैव अनुयायीहरु छन् । केही बज्राचार्य, मानन्धर बौद्ध धर्मावलम्वी पनि देखिन्छ । यहाँ बसोबास गर्ने नेवार जातिले जन्म देखि मृत्यु सम्म विभिन्न संस्कार, कर्मकाण्ड गरेको देखिन्छ । त्यस वाहेक यस उग्रचण्डी नाला गाउँका नेवार जातिहरुले मनाउने विभिन्न चार्डहरु यस प्रकार छन् ।

न्वारन, पास्नी (अन्नप्रासन), चुडाकर्म (छेवर) ब्रतबन्ध पर्व (क्यतापुजा) वेलविवाह (इही) पर्व, सुर्यदर्शन ( गुफा राख्ने), विवाह, भीमरथारोहण, मृत्यु संस्कार, बुद्धजयन्ती, मातृ औंसी (आमाको मुख हेर्ने)  पर्व, देवाली पुजा पर्व, सिठी नख (कुमार षष्ठी) पर्व, घण्टाकर्ण चर्तुदर्शी पर्व ( लुतो फाल्ने) गाइजात्रा ( सापारु) पर्व, गोकर्ण औंसी (बाबुको मुख हेर्ने), इन्द्रजात्रा, दशैं, तिहार (यमपञ्चक), धान्य पूर्णिमा (योमरी पुन्ही), माघे सक्रान्ती (ध्यचाकु सन्हु), फागुपूर्णिमा, महालक्ष्मी जात्रा, उग्रचण्डी भवानी पुजा, सृष्टिकान्त लोकेश्वर जात्रा तथा पर्वसंग गासिएका नवदुर्गा नाच, आदिको बारे विश्लेषनात्मक अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

नाला गाउँ विकास समितिमा बसोबास गर्ने नेवार जातीको चालचलन, रितिरिवाज, संस्कारहरु आफ्नै विशेषता अनुसार चलेको छ । त्यसैले यहाँ बस्ने अधिकांश बासिन्दाहरु नेवार नै भएको हुनाले नेवार जातिको सामाजिक जनजीवनसंग गासिएका संस्कृति बारे निम्न लिखित समस्या कथन पाइएकोले अध्ययन गरिएको छ ।

- विभिन्न ठाउँका नेवार जातिले मनाउने संस्कार र चाडपर्व बारे अध्ययन भएता पनि नाला गाउँका नेवार जातिले मनाउने चाडपर्वको अध्ययन भएको नपाइनु ।
- चाडपर्व र संस्कार जात्रा सबै झण्डै उस्तै भएतापनि यस भेगका नेवार जातिले मनाउने केही चाडपर्व फरक हुनु ।
- चाडपर्व र त्यससंग गासिएका नृत्यको अध्ययन भएको नपाइनु ।

यस गाउँ विकास समितिका नेवार जातिको अध्ययनले यिनीहरु बारे जो कसैको समस्याको समाधान हुने विश्वास गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

मानिसले जुनसुकै कार्य गर्दा पनि निश्चित उद्देश्यपूर्तिका लागि गरेको हुन्छ । सोही अनुरुप काभ्रे पलान्चोक जिल्लाको उग्रचण्डी नाला गाउँ विकास समितिमा बसोबास गर्दै आएका नेवार जातिको सामाजिक संस्कृतिका विविध पक्ष उजागर गर्न प्रस्तुत विषयमा शोध गर्ने प्रयत्न गरिएको छ ।

- उग्रचण्डी नाला गाउँ विकास बारे परिचय दिने प्रयत्न गरिएको छ ।
- उग्रचण्डी नालाका नेवार जाति र उनीहरुले मनाउने संस्कार पर्वको जानकारी दिने प्रयत्न गरिएको छ ।
- यस भेगका नेवार जातिले मनाउने चाडपर्वहरुको बारे अध्ययन गर्ने प्रयत्न गरिएको छ ।
- चाडपर्वसंग गासिएका नाँच बारे जानकारी प्राप्त गरी उल्लेख गर्ने प्रयत्न गरिएको छ ।

## १.४ अध्ययनको औचित्य

उपत्यका आदिवासीको रुपमा चिनिने नेवार समुदायका सामाजिक जीवनसंग सम्बन्धित रहेका सांस्कृतिक पक्ष, साहित्य, मनोरन्जनका साथै सामाजिक क्रियाकलाप पनि संगठित रुपमा रही आएका छन् । त्यसैले स्वदेशी र विदेशी विद्धानहरुले सम्पूर्ण नेवारहरुको बारेमा विभिन्न पुस्तक वा लेखहरु प्रकाशित गरेका भएतापनि उग्रचण्डी नाला गाउँका नेवार जातिको अध्ययन गरेको पाइएको छैन त्यसैले प्रस्तुत शोधपत्रमा नाला गाउँका नेवार जातिले मनाउने संस्कार तथा चाडपर्वहरु बारेमा अध्ययन अनुसन्धान गरि यस शोधकार्य तयार पारि यस गाउँका नेवार जातिको सामाजिक जनजिवनसंग सम्बन्धित सामाजिक संस्कृतिबारे सवै जानकारी दिइएको छ ।

## १.५ अध्ययनको महत्व

उग्रचण्डी नाला भगवती गा.वि.स. ऐतिहासिक र पुरातात्विक महत्व बोकेको एउटा अति प्राचीन बस्ती हो भन्ने कुरा यहाँ रहेका मन्दिर, मूर्ति, डबली, ढुङ्गेधारा, गाउँ बस्तीलाई सुरक्षाको लागि घेरिएको पर्खाल, लायकू दरबार, पुराना ईनारहरु र विभिन्न समयमा मनाउने सांस्कृतिक परम्पराले प्रष्ट गरेको छ । उक्त सांस्कृतिक परम्परा र सामाजिक संस्कृतिको पक्षमा बढी केन्द्रीत रही अध्ययन गरिएको छ ।

## १.६ अध्ययन क्षेत्र

यो शोध उग्रचण्डीनाला गा.वि.सं.मा घरबार गरी बस्ने जम्मा ७६१९ जनसंख्या रहेका छन् । जसमा पुरुषको संख्या ३७९६ र महिलाको संख्या ३८२३ रहेको छ । २०६७ को जनगणना अनुसार उग्रचण्डी नालामा १३०९ घरधूरी छन् । नेवार जातिको संख्या ४१०० रहेको छ । प्रायजसो ९ वटै वडामा नेवारहरु छन् । ती मध्ये कूल घर धुरीको १०% लाई छानिएको छ र अध्ययन गरिएको छ ।

## १.७ अध्ययनको सीमा

यस अध्ययनको सीमा मुलतः उग्रचण्डी नालागाउँ विकास समितिमा बसोबास गर्ने नेवार समूदायले मनाउने सांस्कृतिक अध्ययन गरिएको छ । नेवार जातीहरु नेपाल उपत्यका भित्र विभिन्न स्थानहरु काठमाडौं, ललितपुर र भक्तपुर लगायत उपत्यका वाहिर केही पहाडी भाग र मधेसमा पनि बसोबास गरि आएको भएतापनि प्रस्तुत शोधपत्रमा राजधानी काठमाडौंबाट २२ कि.मि. पूर्व, बनेपाबाट ३ कि.मि. रहेको काभ्रेपलान्चोक जिल्ला नाला उग्रचण्डी गाउँका नेवार जातिले मनाउने सांस्कृतिक अध्ययन सम्म सिमित छ ।

) उग्रचण्डी नाला गाउँका नेवार जातिले मनाउने संस्कृतिको अध्ययन सम्म सिमित छ ।

## १.८. अध्ययनको विधि

शोधपत्र तयार गर्ने सिलसिलामा अध्ययनको सामाग्री मुख्यतया (क) प्राथमिक श्रोत र (ख) द्वितीयक श्रोत दुबै श्रोतहरु यस अध्ययनमा प्रयोग गरिएको छ ।

### (क) प्राथमिक श्रोत

यस शोध कार्यमा प्राथमिक श्रोतको प्रयोग गरिएको छ । शोधार्थी आफै अध्ययन क्षेत्रमा गई प्राप्त गरेको तथ्याङ्कहरु यस शोध अध्ययनमा समावेश गरिएका छन् । प्राथमिक तथ्याङ्क संकलन गर्ने क्रममा निम्न विधिहरु अपनाइएका छन् ।

### (अ) अन्तरवार्ता

यस शोध कार्यको लागि संख्यात्मक संकलन गर्ने क्रममा प्रश्नावली तयार पारी अर्न्तवार्ता लिइएको छ । यस अन्तरवार्ता अन्तरगत अध्ययन सामाग्री संकलन गर्न क्रममा विभिन्न व्यक्तिहरु जस्तै सामाजिक कार्यकर्ता, शिक्षित तथा अनुभवि पाका व्यक्तिहरुसंग अर्न्तवार्ता लिइएको छ ।

### (आ) अवलोकन

अध्ययनका लागि प्राथमिक तथ्याङ्क प्राप्त गर्ने क्रममा शोधार्थी आफै अध्ययन क्षेत्रमा पूर्णरुपमा सहभागि भई अवलोकन विधि अनुसार उनीहरुको घरको बनोट लवाई, खुवाई, सांस्कृतिक गतिविधि तथा अन्य कुराको प्रत्यक्ष अवलोकन गरिएको छ । यस अवलोकनबाट विभिन्न संस्कृतिबारे जानकारी दिइएको छ ।

### (इ) फोटोग्राफी

यस शोध पुस्तकमा काभ्रे जिल्लाको र उग्रचण्डी नाला भेगका नक्सा तथा शोध विषयसंग सम्बन्धीत नेवार जातिको सामाजिक संस्कार र सांस्कृतिक गतिविधि झल्कने फोटोहरु आवश्यकता बमोजिम समावेश गरिएको छ । जसद्वारा नाला भेगका नेवार जातिले मनाउने संस्कृतिबारे जानकारी दिन मद्दत गर्दछ ।

### (ख) द्वितीय श्रोत

यस शोध कार्यको लागि नेवार जातिहरुको बारेमा विभिन्न विद्वानहरुद्वारा प्रकाशित पुस्तक, पत्रपत्रिका, लेखहरु आदिको पनि मद्दत लिइएको छ ।

## १.९ पूर्व साहित्य समीक्षा

यस शोधकार्य तयार गर्न विभिन्न विद्वानहरुका साहित्यको अध्ययनले यस अध्ययनमा मद्दत गरेको पाइन्छ ।

डोरबहादुर विष्ट **सबै जातका फुलबारी** वि.सं.२०३४ यस पुस्तकमा सबै जातका नेवारबारे अध्ययन गरिएको पाइन्छ । यसबाट शोधार्थीलाई नेवार जातिबारे अध्ययन गर्न मद्दत मिलेतापनि पूर्ण रुपले यो सबै जातका फुलबारी पुस्तकमा भने नाला भेगका नेवार जातिको संस्कृतिबारे केही पनि छैन । त्यसैले यो सोध अध्ययनद्वारा नाला भेगका नेवार जातिहरुको संस्कृतिक अध्ययनले यस भेगका नेवार जातिबारे थप जानकारी दिएको छ ।

यस अध्ययनको लागि महत्वपूर्ण छ । तर नालाका नेवार बारे केही पनि उल्लेख गरिएको छैन । यस सर्वेक्षणद्वारा उनीहरु बारे प्रकाशन ल्याउने छ ।

बालचन्द्र शर्मा "**नेपालको ऐतिहासिक रुपरेखा**" वि.सं.२०३४ यस पुस्तकले विभिन्न ऐतिहासिक घटना र इतिहास बारे जानकारी पाइन्छ । जसबाट यस शोध अध्ययनलाई केही मद्दत मिले तापनि पूर्णरुपमा नालाका नेवारबारे केही जानकारी छैन । यस शोध अध्ययनबाट उग्रचण्डी नालाबारे जानकारी दिइएको छ ।

सत्यमोहन जोशी "**नेपालका चाडपर्व**" वि.सं.२०३९ यस पुस्तकमा विभिन्न नेपालका चाडपर्व बारे उल्लेख गरेको पाइन्छ । जसबाट सांस्कृतिक अनुसन्धान गर्न मद्दत मिल्यो । तर उग्रचण्डी नाला गाउँका नेवार जातिले मनाउने विभिन्न पर्वबारे नेवार जातिले मनाउने विभिन्न चार्ड पर्व मिले तापनि उग्रचण्डी नाला भेगका नेवार जातिले मनाउने केही फरक सांस्कृतिक पक्षहरु यस शोधद्वारा प्रकाशमा ल्याइएको छ ।

## १.१० अध्ययनको रुप-रेखा

उपत्यका आदिवासीको रुपमा चिनिने नेवार समुदायका सामाजिक जीवनसंग सम्बन्धित रहेका सांस्कृतिक पक्ष, साहित्य, मनोरन्जनका साथै सामाजिक क्रियाकलाप पनि संगठित रुपमा रही आएका

छन् । त्यसैले स्वदेशी र विदेशी विद्धानहरुले सम्पूर्ण नेवारहरुको बारेमा विभिन्न पुस्तक वा लेखहरु प्रकाशित गरेका भएतापनि उग्रचण्डी नाला गाउँका नेवार जातिको अध्ययन गरेको पाइएको छैन । त्यसैले प्रस्तुत शोधपत्रमा नाला गाउँका नेवार जातिले मनाउने सांस्कृतिक बारे जानकारी दिने यस शोध अध्ययनलाई सुनियोजित ढंगले प्रस्तुत गर्नको लागि निम्न लिखित अध्यायमा विभाजन गरिएको छ ।

**अध्याय एक** : यस अध्यायमा परिचय, समस्या कथन, अध्ययनको महत्व र उदेश्य, अनुसन्धान विधि, पूर्व साहित्य समिक्षा र अनुसन्धानको रुपरेखा प्रस्तुत गरिएको छ ।

**अध्याय दुई** : यस अध्यायमा अनुसन्धान क्षेत्रको भौगोलिक परिचय दिइएको छ ।

**अध्याय तीन** : यस अध्यायमा नेवार जातिको परिचय गरिएको छ ।

**अध्याय चार** : नालाका नेवारको मुख्य सामाजिक संस्कारहरु बारे यस अध्यायमा नालाको नेवारहरुले मनाइएको मुख्य-मुख्य संस्कारहरु गुठी र तिनको काम, चाडपर्वहरुको विवरण प्रस्तुत गरिएको छ ।

**अध्याय पाँच** : यस अध्यायमा उग्रचण्डीनाला गा.वि.सं. का नेवारहरुले मनाई आइरहेका जात्राहरु, ऐतिहासिक र धार्मिक स्थलहरुको विवरण प्रस्तुत गरिएको छ ।

**अध्याय छ** : यस अध्यायमा उपसंहारको रुपमा समग्र अध्ययनको सारसंक्षेप एवं केही मूल भूत सुझावहरु प्रस्तुत गरिएको छ । यस वाहेक अन्तमा आवश्यक फोटोहरु, नक्सा र सन्दर्भ ग्रन्थसूची समावेश गरिएको छ ।

# अध्याय दुई : अध्ययन क्षेत्रको परिचय

## २.१ भौगोलिक परिचय

नेपाल अधिराज्यका ७५ जिल्लाहरुमध्ये काभ्रेपलान्चोक जिल्ला पनि एक हो । यो मध्यमाञ्चलका १९ जिल्लाहरु मध्ये एक जिल्ला हो । यस जिल्लाको उत्तर-पश्चिम सिमाना भक्तपुर जिल्लाको सिमानासंगै नाला शहर अवस्थित छ ।

उग्रचण्डीनाला, गणेश हिमालको फेद र सदावाहार बनवासुकी डाँडाको काखमा अवस्थित छ । नाला ८५ं, २४ देखि ८५ं ५९ देशान्तर २७ २०ं देखि २७ ८५ं उत्तर अक्षाशं विचमा फैलिएको यस जिल्लाको उत्तर-पश्चिममा अवस्थित छ । यसको भू-धरातल समुद्र सतह देखि १४६० मिटर उचाइमा रहेको छ । यस नाला भेग पहाड र समतल जमीनको मिश्रणबाट वनेको  पाइन्छ ।[1]

उग्रचण्डी नाला गा.वि.स.को क्षेत्रफल १०४४.५ रहेको छ । जिल्लका ८७ गा.वि.स. मध्ये क्षेत्रफलको हिसाबले ५८ औं मा पर्दछ । जसमा पूर्वतर्फ देवीटार गा.वि.स., रविओपी गा.वि.स. र ओनेकोटे गा.वि.स. रहेको पाइन्छ भने पश्चिमतर्फ टुकुचा गा.वि.स. रहेको पाइन्छ । त्यसै गरी उत्तरतर्फ नाल्दुम र नयाा गाउा रहेको पाइन्छ भने दक्षिणतर्फ उग्रतारा जनागल एवं बनेपा नगरपालिका रहेको पाइन्छ । यस गा.वि.स.मा जम्मा ८२ वटा वस्तीहरु रहेका छन् ।[2]

नेपाल चीन सीमालाइ जोड्ने अरनीको राजमार्गलाइ छिचोलेर जब काठमाडौबाट करिब २६ कि.मी पूर्व आइपुग्नु अगाडी बायाा पट्टि केही पर कुनामा रहेको सानो घना वस्तीलाई नियाल्दा मानौं बिर्सिएको स्वर्ग हो किर भन्ने भान पर्छ ।

---

1 सुनिल सैजु **"नाला गाविसको भौगोलिक अध्ययन"** प्रतिवेदन राष्ट्रय विकास सेवा, कीर्तिपुर ( वि.सं.२०६१) पृ ९

2 सिद्धिवहादुर कर्माचार्य "ऐतिहासिक र पुरातात्विक महत्व बोकेको नाला शहर" **नाला समाज स्मारिका**, नाला संघ, बर्ष (वि.सं.२०५६), पृ २६

## २.२ उग्रचण्डी नाला शहरको परिचय

नेपालमा प्रसिद्ध चार भगवतीहरु पलाञ्चोक भगवती, शोभा भगवती, नक्साल भगवती र उग्रचण्डी नाला भगवती अर्न्तगतको नाला भगवती यस स्थानमा अवस्थित छ । त्यसैगरी यसै स्थानमा सृष्टिकान्त लोकेश्वर, करुणामय पनि विराजमान रहेकोले नेपालको प्रमुख ऐतिहासिक स्थानहरु मध्ये एक पर्न आउँछ ।

१. "नाला" शहरको नाम कसरी रहन गयो भनेर विभिन्न कथनहरु रहेका छन् जस्तैः

नेवारी भाषामा "ना" को अर्थ पानी र "ला" को अर्थ बाटो भएकोले यहाँका अधिकाशं भागमा कुवा, पधेरो,खोलानाला भएकोले यस स्थानको नाम "नाला" रहन गएको हुन सक्छ ।

२. पृथ्वी नारायण शाहको नेपाल एकिकरण गर्ने अभियानमा भक्तपुरलाई आर्थिक नाकाबन्दि गर्ने क्रममा यस स्थानमा आक्रमन गर्दा यहाँका सम्पुर्ण जनताहरु नाल वा नाल जस्तो गुफामा लुक्न गएकोले यस स्थानको नाम "नाला" रहन गएको हुन सक्छ ।

३. सत्ययुगका राजा दीर्घरथको समयमा यस स्थानलाई "नागिरीपुर" बाट लिच्छवीकालिन राजा शिवदेव दितियको समयमा नालाङ्गाग्राम हुन गई मल्लकालीन राजा यक्ष मल्लको समयमा नालादेश भनि नालाङ्गाग्रामको अपभ्रंश हुन गएको हुन सक्छ ।

४. प्राचीनकालमा एकजना भोटेले राती सृष्टिकान्त लोकेश्वरको मुर्ति चोरेर लग्दा बाटोमा यस स्थानको पूण्यमति खोलामा आइपुग्दा बिहान भैसकेको हुनाले लान नसकी त्यसै खोलामा फाली दिए । सोही राती बनेपाका राजा र नालाका पोडेको सपनामा म सृष्टिकान्त लोकेश्वर हुँ, चोरले मलाई चोरेर पूण्यमति खोलामा फालेको छ तिमिहरुले मलाई निकालेर नदीको किनारमा मन्दिर बनाई राख भनी सपना देखे । सोही अनुरुप बनेपाका राजाले मुर्ति नदी बाट निकाले । नाला र बनेपामा मुर्ति स्थापना गर्ने क्रममा बनेपाका जनताले बनेपामा मुर्ति राख्ने प्रस्ताव गरे भनि नालाका जनताले नालामा भेटेको मुर्ति नालामा स्थापना गर्नु पर्छ भन्ने प्रस्ताव राखे । अन्तमा नालामा राख्ने निर्णय गरियो । यसरी अधिकार प्राप्त गरी लिने शव्दलाई नेवारी भाषामा "नालाकायगु" भनिन्छ । यसैबाट  यो स्थान नाला हुन पुगेको देखिन्छ ।

## २.३ नाला शहरको ऐतिहासिक र पुरातात्विक महत्व

नाल अत्यन्त पुरानो, ऐतिहासिक र पुरातात्विक महत्वको ठाउँ हो भन्ने प्रमाणको लागि निम्न सूचीद्वारा प्रष्ट हुन्छ ।

१. नालाको नाम प्राचीन समयमा “नागिरीपुर” थियो । त्यस वेला श्री दीर्घरथ राजाले राज्य गर्दथे । दीर्घरथ राजाकै पालामा नालामा भगवती प्रादुर्भाव भएको थियो भन्ने ऐतिहासिक तथ्य वर्ण बज्र बज्राचार्यद्वारा लिखित दीर्घरथावदान भन्ने पुस्तकमा उल्लेख छ ।

२. नालामा श्रृष्टिकान्त लोकेश्वर करुणामयको मूर्ति कसरी कहिले स्थापना भयो भन्ने तथ्य पनि वर्ण बज्र बज्राचार्यद्वारा लिखित नाला करुणामयया बाखं भन्ने पुस्तकमा उल्लेख छ ।

३. प्राचीन समयमा नाला शहरलाई दुइ तल्ले अग्लो पर्खालले घेरेको थियो र शहर भित्रका सबै बाटो घाटो ईटा र ढुङ्गा बिछ्याएको थियो ।

४. शहरको चारै कोणहरुमा ठूला ठूला ३/३ मिटर ढुङ्गा विछ्याएका आफ्नै तान्त्रिक र धार्मिक महत्व बोकेको देखिन्छ । जनधारणा अनुसार यो लक्ष्मण रेखा नाघेर आउन नसक्ने, आएमा अनिष्ट हुनेको रुपमा राखिएको हो । लोकात्ति अनुसार अनुमति विना घोडा चढेर ढुङ्गा नाघेर आएमा रगत छाडेर मर्दथे ।

५. हाल चण्डेश्वरी माध्यमिक विद्यालय भवनको पुरानो भवनलाई “लायकु दरबार भन्ने गरिन्छ । “लायकु दरवार भित्र मल्लकालिन सभ्यतानुरुप गर्ने सम्पूर्ण धार्मिक विधिहरु यहाँ गर्ने गरी आएको छ, जस्तै घटस्थापना देखि विजया दशमी सम्म सबै कार्यहरु र अन्य धार्मिक कार्यहरु पनि गरिन्छ ।

६. उग्रचण्डी नालाद्वारा संचालित भग्नावशेषको रुपमा रहेको २२ ढुङ्गे धाराहरु र १२ इनारहरु  छन् ।

७. नालालाई अष्टमातृकाले रक्षा गरिएको शहर पनि भनिन्छ ।

क)	उत्तर दिशामा	-	कालिका

| | | | |
|---|---|---|---|
| ख) | नगरकोट जाने उकालो | - | ब्रम्हायणी |
| ग) | नाला भगवती वन | - | महेश्वरी |
| घ) | आँघाल जाने बाटो | - | भैरवी |
| ङ) | ज्ञान ज्योति बोडिङ्ग स्कूल पाटी | - | महालक्ष्मी |
| च) | पूर्व दक्षिण कोणमा | - | बैष्णवी |
| छ) | दक्षिण दिशामा | - | वाराही |
| ज) | पश्चिम दिशामा | - | इन्द्रायणी |

राणाकालमा नालालाई नालाशहर १५ मौजा भन्ने गर्दथे जस्तै

१. छाप मौजा

२. सल्लाघारी मौजा

३. अमल डोल मौजा

४. डण्डाल मौजा

५. थापा गाउँ मौजा

६. महादेव पोखरी मौजा

७. ढल पाचाला मौजा

८. माभ्क गाऊँ मौजा

९. वाताल मौजा

१०. आँभाल मौजा

११. टुसाल मौजा

१२. चुनाताल मौजा

१३. काँक्रे मौजा

१४. सुभारा मौजा

१५. ससीपानी मौजा

२०१९ सालमा "मौजा" हट्यो र १५ मौजा ५ गा.वि.स हरुमा परिणत भयो । हाल नयाँ नेपालमा गा.वि.सं. पनि हट्यो ।[3]

नालाको ऐतिहासिक रुपरेखा अन्तरगत भाषा बंशावलीमा आनन्द मल्लले नाला भगवती निर नाला गाऊँ बसोबास बारे उल्लेख छ ।[4]

भाषाबंशावलीमा आनन्द मल्लको समयमा कलिगत ४१६७ तदनुसार ई १०९६ दिएको छ ।[5]

नाला भगवती मन्दिर अगाडीको ढुंगेधाराको दायापट्टि पर्खालमा टाँसिराखेको सानो जल द्रोणी जस्ता ढुंगामा कुदिएका अभिलेख अनुसार उक्त धारा लिच्छिवि राजा शिवदेव द्वितियका शासनकाल सम्बत् ११८ (इ. ६९४) जेष्ठ शुक्ल दशमीको दिन उपरिम नाला गाउँको भोग चलनको लागि त्यहि गाउँ बस्ने हुँ ध्रुबशील र तिनका भाई हूँ अनङ्गशीलले बनाएका थिए ।[6]

नालाका बुढापाकाहरुका अनुसार स्वस्थानीको कथामा वर्णन गरिएका नवराज राजाकी रानी चन्द्रावतीको माइती देश नाला थियो भन्दछन् । तर नवराजको ऐतिहासिकता प्रमाणित गर्ने सामाग्री भने पाइएको छैन । अघि काठमाडौं उपत्यका ठूलो पोखरी छदां यस पोखरीको पश्चिम पट्टिको घाट  थानकोट र पूर्व

[3] पूर्ववत्, (पा टि स १), पृ.२,३
[4] देवी प्रसाद लम्साल, **भाषावंशावली**, द्वितिय भाग, काठमाडौं : न.रा.पु.,वि.सं.२०२३, पृ २०
[5] ऐजन, पृ.२०
[6] धनबज्र ब्रजाचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौं : ने. ए.अ.सं.त्रि.वि., वि.सं.२०३०, पृ ५१२

पट्टिको घाट नाला थियो भनिन्छ । वर्तमान नाला बजार देखि अलि माथि एउटा पानीको ढल छ, जसलाई स्थानीय भाषामा "गोपा ध" गोपहरुको पानी खाने ठाऊँ भनेर विश्वास गरिन्छ ।[7]

एउटा ठ्यासफुमा नें सं. ७६३ (इ. १६७२) मा भक्तपुरका राजा जगतप्रकाश मल्लको मृत्यु हुनु भन्दा २० दिन अघि नाला भगवतीलाई बोका बलि दिएर पुजा गर्दा रगत नआएको अपशगुन देखाएको उल्लेख छ ।[8]

ने.सं. ७९५ (इ. १६७४) मा नालमा जितामित्र र उनका भाई उग्रमल्लको शासन थियो भन्ने कुरा नाला भगवती मन्दिरमा भएको ताम्रपत्रबाट थाहा हुन्छ ।[9]

यी सवै जानकारीबाट यो पुष्टि हुन्छ कि नाला काठमाडौंवाट २२ कि.मि.पूर्वमा पर्दछ । यो शहर अत्यन्त पुरानो ऐतिहासिक र पुरातात्विक महत्वको स्थान हो ।

## २.४ नाला क्षेत्रका मुख्य मन्दिरहरु

उग्रचण्डी नाला भगवती मन्दिर :

यो मन्दिर नालाको मात्र नभई नेपालकै एक प्रसिद्ध भगवती मन्दिर हो यो लागन टोल वडा नं. ४ मा रहेको छ । नेपाल अधिराज्यको चार भगवती मध्ये एक हो । नालाको भगवतीलाई उग्रचण्डी भगवती भनिन्छ । यस भगवतीको नामबाट उग्रचण्डी नाला गा.वि.स. भएको हो । [10]

मन्दिर भित्रको शिलापत्र अनुसार नेपाल सम्बत ७४१ मा पाटनका राजा श्रीजगतप्रकाश मल्लले मन्दिर निर्माण गरेका हुन । यो मन्दिर चार तल्लाको पगौडा शैलीमा निर्मित छ । यसको पहिलो तल्ला नेपाल सम्बत ७४१ मा निर्माण भएको हो भने दोस्रो तल्ला नेपाल सम्बत ७६३ मा र तेस्रो र चौथौ तल्ला नालाका एक धनी ब्यक्तिले बनाउन लगाएका थिए ।

---

7 नालानिवासी श्री कालु कर्माचार्यद्वारा जानकारी पाएको ।

8 D.R Regmi, Medieval Nepal, Part III, (Calcutta. Firma. K.L. Mukhopadhya, 1966 AD)

9 पूर्ववत्, (पा टि स ४), पृ.२० २४

10 सिद्धिवहादुर कर्माचार्य, नालाको परिचय, **नाला समाज स्मारिका**, नाला सघं, बर्ष २०६३,अकं १५

उग्रचण्डी भगवतीको नजिकैको सम्बन्ध काठमाण्डौको तलेजु भवानी संग छ । यो मन्दिर ईंटाले बनाएको छ । यो मन्दिर चार तल्ले छाना बर्गाकारको छ । केही बर्ष पहिले सम्म चार तल्लाहरु मध्ये ३ तल्ला झिंगटीले छाएको छ भने सबभन्दा माथिल्लो तल्ला तामाले छाएको थियो । तर हाल सबै अर्थात चार तल्ला मै तामाको छानाले ढाकिएको छ । गजुर सुनले छाएको छ । मन्दिरको अगाडि भागमा दुईवटा घण्टाहरु छन । मन्दिरको प्रत्येक छानाको कुनाहरुमा सानासाना घण्टाहरु झुण्डिएका छन । मन्दिरमा रहेका काठका खम्बा र तुंडालहरुमा कलात्मक वुट्टा र मूर्तिहरु कोरिएका छन । भगवती देवीलाई चढाएका  भाँडाकुँडाहरु मन्दिर अगाडी पट्टी रहेका भित्तामा जडिएका छन । मन्दिरमा रहेका ठुला घण्टाहरु मध्ये एउटा राजा रणजित मल्लले नेपाल सम्बत ८२२ वैशाख १० गते चढाएका थिए । जितमान पोडेले वि.स. १९९४ वैशाख १० गते मन्दिर नजिकै रहेको शिलाको खम्बामा जडित मयूर चढाएका थिए । त्यसैगरी नेपालको झण्डा  सिंहहरु नालाका हिरामान श्रेष्ठले चढाएका थिए ।

मन्दिर भित्र दुई थरीका मूर्तिहरु छन । ढुंङ्गाको मूर्ति संधै मन्दिरमा राखेको हुन्छ भने सुनको मूर्ति मुख्य दिनहरुमा मात्र मन्दिरमा राखेको हुन्छ । अरु वेला “द्यो छ्यँ” मा राखेको हुन्छ ।

द्योछेंबाट बैशाख अक्षय तृतीयामा एक पटक,भाद्रको इन्द्र जात्राको पूर्णिमामा हाँस प्रदर्शनीको बेलामा एकपटक, कार्तिक पूर्णिमामा एक पटक र दारु पुजामा एकपटक सुनको भगवती मूर्ति राख्ने चलन छ ।

सुनको अठार भुजा भगवती माताको मूर्ति इन्द्र जात्राको तीन दिन पश्चात र बिजया दशमीको दिनमा बाजा-गाजा ,ध्वजा, पताका सहित बिधिपूर्वक जात्रा गर्ने र मूर्ति राख्ने चलन छ ।

यस क्षेत्रमा अन्य पनि थुप्रै मन्दिरहरु रहेका छन् जस्तैः

१. लागं टोलको गणेश मूर्ति र मन्दिर

२. ” ” नारायणको मूर्ति र मन्दिर

३. लागन टोलमा ऐतिहासिक तीन ढुङ्गे धाराहरु छन ।  धाराहरु मुनि राजा भरतको मूर्तिहरु छन । धाराहरु माथि सूर्य भगवान,नारायण,महादेव पार्वतीको मूर्तिहरु छन ।

४ यस वडामा युधिस्थिर महाराजको मुर्ति छ ।

५. गंस टोलको गणेश मूर्ति र मन्दिर

६. भुईखेलको गणेश मूर्ति

७. इपलाछें टोलको भैरव मूर्ति

८. ” ” महादेवको मूर्ति र मन्दिर

९. ” ” महादेवको मूर्ति

१०. चोछें टोलको गणेशको मूर्ति र मन्दिर

११. कालिका देबीस्थान

१२. ब्रम्हायणी ”

१३. पोडे टोलको नृत्यश्वर ( नासिकास्थान )

१४. गुप्तेश्वर महादेव स्थान ठूलो प्राकृतिक ढुङ्गाको कापमा बिराजमान छ

१५. प्रशिद्ध महेश्वरको मन्दिर संग संगै गणेश र देवीका मुर्तिहरु छन

१६. श्री श्रृष्टिकान्त लोकेश्वर (करुणामय) मन्दिर

१७. मेछें गणेशको मूर्ति र मन्दिर

१८. अलाखुटी गणेशको मूर्ति र मन्दिर

१९. इपाटोल गणेशको मूर्ति र मन्दिर

२०. अशोक चैत्य स्तम्भ

२१. टुपिचा टोलका गणेश मूर्ति र मन्दिर

२२.    इपा टोलको महादेव मूर्ति र मन्दिर

२३.    नारायणको मूर्ति

## २.५    नाला क्षेत्रका मुख्य पुरातात्विक अभिलेखहरु[11]

### अभिलेख संख्या : १

(नाला गाविसको इपा टोल स्थित ढुंङ्गेधाराछेउको दक्षिणाभिमुख गणेशमूर्तिको पादपीठ अभिलेख/भाषा नेपाल भाषा/लिपी प्रचलित नेपाल लिपी । संवत-६२०)

[11] /Tgk|;fb cgfd)fL >]i&, **pu|r)*L gfnfsf] clenv ;u|x** -efu 1_, gfnf sfe]|M cgfd)fL k|sfzg, 2059

**अभिलेख संख्या : २**

नाला गा.वि.स उग्रचण्डी भगवती मन्दिर बाहिरी पाताको दायाँ भागमा टाँसिएको दक्षिण भिमुख ताम्रपत्र (भाषा-नेपालभाषा ⁄लिपि प्रचलित नेपाल लिपि ) संवत-८५१

**अभिलेख संख्या- ३**

(नाला भगवतीको मन्दिरमा चढाएको ठूलो घण्टाको अभिलेख भाषा-संस्कृत लिपि प्रचलित नेपाल लिपि संवत ८८२)

**अभिलेख संख्या- ४**

नाला उग्रचण्डी भगवती मन्दिरभित्र दायाँपट्टी टाँसिएका तीन वटा ताम्रपत्रहरु मध्ये एक⁄ भाषा नेपाल भाषा लिपि प्रचलित नेपाल लिपि । संवत ७६७ ।

**अभिलेख संख्या- ५**

नाला उग्रचण्डी भगवती मन्दिरभित्र बाहिरी पातामा टाँसिएका तीन वटा ताम्रपत्रहरु मध्ये एक⁄भाषा नेपाल भाषा लिपि प्रचलित नेपाल लिपि । संवत ७७१

**अभिलेख संख्या : ६**

नाला गा.वि.स वडा.नं.२ टुपिचाटोलस्थित पशुपति महादेव मन्दिरभित्र अन्तैबाट ल्याएर राखिएको एउटा शिलापत्र । भाषा-नेपाल भाषा । लिपि-प्रचलित नेपाललिपि । संवत-८५८।

**अभिलेख संख्या : ७**

नाला गाविस टुकुचा वडा.नं.२ मूलाफल्चामा रहेको पूर्वाभिमुख शिलापत्र । पाटीको नाम-जारकाटे पाटी । भाषा-नेपालभाषा । लिपिः-प्रचलित नेपाललिपि । संवत्-८९९ ।

**अभिलेख संख्या : ८**

नाला गाविस वडा नं. २ टुपिचा टोलस्थित चार कुने इनार छेवैको सानो गणेश (पाषण मूर्ति सहित) को मन्दिरको छानोमा रहेको दक्षिणभिमुख अभिलेख । यो अभिलेख ईट्टामा कुँदीइएको हुनाले अन्यन्त दुर्लभ छ । भाषा-नेपाल भाषा । लिपि-प्रचलित नेपाललिपि । सम्बत्-७३७ ।

**अभिलेख संख्या : ९**

(नाला गाविस लागनटोलमा रहेको युधिष्ठिर माहाराजको मन्रि छेवैको पाटी (हाल हराइसकेको) को भित्तामा टाँसिएको दक्षिणाभिमुख शिलापत्र । भाषा -नेपालभाषा । लिपि-प्रचलित नेपाल लिपि । संवत्-८६४ ।)

**अभिलेख संख्या : १०**

(नाला गाविस वडा.नं.४ इपालाछें टोल भैरब मन्दिर (देव प्रतिमा) छेउको ठड्याइएका ढुङ्गोमा कुँदीएको उत्तराभिमुख शिलापत्र । भाषा-नेपालभाषा । लिपि-प्रचलित नेपाललिपि । सम्बत्-७९७ ।

**अभिलेख संख्या : ११**

(नाला गाविस वडा.नं.२ इपाटोल स्थित चार कुने इनार छेवैको सानो गणेश (पाषण मूर्ति सहित ) को मन्दिरको भित्तामा रहेको दक्षिणाभिमुख अभिलेख । भाषा-नेपालभाषा । लिपि-प्रचलित नेपाललिपि । संम्बत् (९) ०५ ।

**अभिलेख संख्या : १२**

(नाला गाविस वलाछे टोल स्थित सुन्दर गणेश मूर्तिको दक्षिणाभिमुख पादपीठको अभिलेख । यो अभिलेखमा बायाँतिरका ४।४ अक्षरहरु सिमेन्टले छोपेको छ । भाषा-नेपाल भाषा । लिपि-प्रचलित नेपाललिपि । संम्बत्-६३७ ।

**अभिलेख संख्या : १३**

(उग्रचण्डी नाला गा.वि.स. वडा नं४ लगंटोल भगवती मन्दिरको अभिलेख । भाषा-नेवारी । लिपि-ब्राह्मी संबत्-ऊँ  सवत् ११८ ।

**अभिलेख संख्या : १४**

(उग्रचण्डी नाला स्थित सूर्यमूर्तिको अभिलेख भाषा-लिपि-संवत्-५२७

**अभिलेख संख्या : १५**

नाला गा.वि.स.वडा नं. ४ लागन टोलस्थित नाला भगवती मन्दिरको ढोकाको दायाँपट्टि टाँसेको ताम्रपत्र अभिलेख । संम्बत्-६५९ । भाषा-नेपालभाषा । लिपि-

**अभिलेख संख्या : १६**

उग्रचण्डी नाला गा.वि.स.वडा नं. ४ लागन टोल श्री उग्रचण्डी नाला भगवतीको मन्दिरभित्र रहेको अभिलेख । संम्बत्-७७१ । भाषा-नेपालभाषा । लिपि-

**अभिलेख संख्या : १७**

उग्रचण्डी नाला गा.वि.स.साको टोल धारा अगाडि पाटीको भित्तामा रहेको शिलालेख संम्बत्-७८७ । भाषा-नेपालभाषा । लिपि-

**अभिलेख संख्या : १८**

उग्रचण्डी नाला गा.वि.सं. वडा नं.१ नाला जाने बाटोमा रहेको -भिमसेन) पाटीको भित्तामा रहेको शिलापत्र । संवत ७९८ । भाषा-नेपाल भाषा । लिपि ।

**अभिलेख संख्या : १९**

उग्रचण्डी नाला गा.वि सं.मा धारा अगाडी पाटीको भित्तामा रहेको शिलालेख । संवत-८७३ । भाषा-नेपाल भाषा । लिपि ।

**अभिलेख संख्या : २०**

उग्रचण्डी नाला गा.वि.सं.क्वप धाटोल (कोइपा टोल) (टुपिचा टोल) महानेव मन्दिर भित्र रहेको शिलालेख । संवत ८१६ । भाषा- नेपाल भाषा ।

**अभिलेख संख्याः २१**

उग्रचण्डी नाला गा.वि.सं.वडा नं.३ स्थित इपाटोल महादेव मन्दिरमा रहेको शिलालेख । संवत ८४७ । भाषा ।

**अभिलेख संख्या : २२**

उग्रचण्डी नाला गा.वि.सं. अंवर गोठाली देउ गाउँको सडकको पाटीमा रहेको शिलालेख । संवत ८५३ भाषा । लिपि ।

**अभिलेख संख्या : २३**

उग्रचण्डी नाला गा.वि.सं.इनाखेल धारानिर चौरको शिलालेख । संवत ८६० भाषा लिपि ।

**अभिलेख संख्या : २४**

उग्रचण्डी नाला, गा.वि.सं.वडा नं.४ स्थित लगनटोल भगवती स्थानको देवलको सिढीमा रहेको शिलालेख । संवत । भाषा । लिपि ।

**अभिलेख संख्या : २५**

नाला गा.वि.सं.इलाखेल धारानिर चौरको शिलालेख संवत८७० भाषा । लिपि ।

**अभिलेख संख्या : २६**

उग्रचण्डीनाला गा.वि.सं.इलाखेल धारा अगाडी पाटीको शिलालेख संवत ८७३ भाषा । लिपि ।

**अभिलेख संख्या : २७**

उग्रचण्डी नाला गा.वि.सं. वडा नं.४ स्थित भगवती मन्दिर ढोकाको दाँयातर्फ टाँसेको ताम्रपत्र अभिलेख, सं ८७९ । भाषा लिपी।

**अभिलेख संख्या : २८**

उग्रचण्डी नाला गा.वि.सं. वडा नं.४ स्थित लागन टोल युधिष्ठिर मन्दिरको शिलालेख । संवत ८८ भाषा । लिपि ।

# अध्याय तीन : नेवार जातिको परिचय

अध्ययन क्षेत्र उग्रचण्डी नाला गा.वि.स. मा घरबार गरी बस्ने जम्मा ७६१९ जनसंख्यामध्ये नेवार जातिको ४,१०० संख्या रहेको छ । यसर्थ यस अध्ययनमा नेवार संस्कृति र त्यसभित्र पर्ने वा मान्ने सांस्कृतिक पर्वको एक एक गरी वर्णन र विश्लेषण गरिन्छ । यहाँ यस विषयलाई प्रष्टयाउन सर्वप्रथम नेवार जातिको विशेष पृष्ठभूमी सहित काठमाडौं उपत्यका र काभ्रेपलाञ्चोक जिल्लाका नेवारहरुको सांस्कृतिक विशेषताहरुको वर्णन र विश्लेषण गरिन्छ ।

## ३.१ जातिय नामाकरण र उत्पत्तिको इतिहास

नेवार जाति वास्तवमा तिब्बती–बर्मेली नश्लका हुन । यिनीहरुको मुल थलो नेपाल खाल्डो भएको हुनाले नेपाल शब्दसँग नेवार जातिको सामिप्यता छ । नेवार सर्वप्रथम ङेपार शब्दबाट उत्पत्ति भएको मानिन्छ । महामञ्जुश्रीको कथा अनुसार उपत्यकामा इतिहासमा वर्णित जमिरहेको पानीलाई चोभार गल्छेडालाई उनको खड्गले काटेर यहाँ वस्ती वसाईएको चर्चा छ । यस घटनापछि उत्तरबाट समुह-समुहमा मानिसहरु स्थानान्तर भएर आउन थाले, जसलाई त्यतिबेला ङेपार भन्न थालियो । त्यतिखेरको संस्कृत भाषाको प्रभावले गर्दा 'ङेपार' शब्द ' नेपार ' बन्न गयो अन्ततः ' नेपार' शब्दमा रुपान्तरित भई 'नेवार' शब्द नै प्रचलित हुनसक्दछ । वर्तमान अवस्थामा नेवारहरुले आफ्नो भाषालाई नेपाल भाषा भन्ने गरेको हुँदा नेपाले शब्द नै नेवारी शब्द वा भाषासहित अन्योन्याश्रित सम्बन्ध रहेको धारणा छ । नेवार जाति वास्तवमा अन्य जातिहरु तामाङ, मगर, क्षेत्री, बाहुन, गुरुङ, शेर्पा, राई, लिम्बु जस्ता जातिहरु झैं खास जाति होइन भन्न् एकथरि इतिहासकारहरुको भनाई रहेको छ, कारण उपत्यकामा प्रवेश गर्दै जाने लिच्छवी, शाक्य, मल्ल, किराँत आदी जातिहरु नेवार जातिमा नै मिसिए र सबै नेवार भनिन थालिए । वास्तवमा यो नेपाली झैं नेवार जातिय समुदाय बन्न पुगेको हो र नेवारी भाषाले मात्र एकसुत्रमा गाँसिएको छ । भन्ने तर्क पनि पाइन्छ । निष्कर्षमा भन्दा नेवारजाति काठमाडौं उपत्यकाका आदीवासी हुन भन्न सकिन्छ ।

## ३.२ वसोबास क्षेत्र

नेवारहरुले मगरलाई वन नदिनु, नेवारलाई नाका नदिनु भन्ने उक्तिलाई वेवास्ता गरी व्यापार व्यवसायको क्रममा नेपालका अन्य नयाँ नयाँ वस्ती र बजारका स्थानहरुको छनौट गरी त्यसै स्थानमा अस्थायी किसिमले वसोबास गरी जीवनयापन गर्ने गरेको पाइन्छ । यसैले वसाइँसराइँको क्रममा नेवार जाति देशका विभिन्न भु-भागमा फैलिएर आफ्नो व्यापार व्यवसायको अलावा आफ्नो संस्कृतिलाई उजागर गर्ने वातावरणको सृजना गरेको पाइन्छ । जसको क्रममा नेवार जाति देशको पुर्व मेची देखि पशिचम महाकालीसम्म रहेको पाइन्छ । यसरी फैलिएर वसोबास गर्ने क्रममा नेवार समुदायले कृषि तथा पशुपालन जस्ता कृषिमा आधारित व्यवसायहरु पनि गर्दै आएको पाइन्छ । व्यापार व्यवसाय गर्ने क्रममा नेवार समुदायको अधिक संख्या काठमाण्डौं , ललितपुर र भक्तपुरमा रहेको देखिन्छ ।

## ३.३ नेवार जातिय विभाजन

पर्वते, क्षेँत्री, ब्राह्मण भने झै नेवार जाति पनि आफ्नै किसिमको वर्णाश्रममा आधारित आर्य हिन्दु धर्म मान्ने एक जातिको रुपमा रहेको देखिन्छ । कुनै कुनै नेवारहरुमा तागाधारी थरहरु पनि पाइन्छन् जसमा हिन्दु उच्च जात अर्न्तगत राजोपाध्याय (ब्राह्मण) देव, बाहुन, भट्ट, झा, बाहुन आदी पुरोहितको रुपमा बौद्ध उच्च जात अर्न्तगत बज्राचार्य (गुभाजु) हिन्दु उच्च मध्यम जात अन्तर्गत कर्माचार्य गुरुवाचार्य, जोशी, दैवज्ञ गरी ६ थरका श्रेष्ठ (मल्ल अमात्य ) मास्के, राजभण्डारी, वैद्य उच्च मध्यम जात अन्तर्गत शाक्य भिक्षु, शाक्य बाँडा हिन्दु मध्यम जात अन्तर्गत ५ थरिका श्रेष्ठ बौद्ध मध्यम जात अन्तर्गत ताम्राकार तुलाधर कंसाकार उदास : हिन्दु निम्न मध्यम जात अन्तर्गत महर्जन (ज्यापु) डंगोल, सुवाल, अवाल, कारञ्जित, रंजितकार चित्रकार, हलुवाई, प्रजापति ( कुमाले ), मानन्धरः हिन्दु निम्न जात अन्तर्गत नकर्मी (कौ) नापित नौ, मालाकार हिन्दु निम्न जात अन्तर्गत सुचिकार (जुग), कसाई, पोडे, च्यामे, हालाहुलु आदीलाई लिइएको पाइन्छ ।

परम्परागत प्रचलित यी जातीय विभाजन वर्तमान स्थितिमा वैज्ञानिक प्रभावले र अन्तराष्ट्रिय सम्पर्कले उचित ठानिदैन् । यसरी उचित नठानिनुको कारण समाजमा अहम र संकुचित धारणाले जरा गाडेको कारणले नै हो भन्न सकिन्छ ।

## ३.४ भाषा लिपि

तिब्बत–बर्मेली शाखाका भाषाहरुमा नेवारी भाषा पनि एक हो । यस भाषालाई शहरमा नेपाल भाषा भनी प्रचार गरिदैं आएको पाइन्छ । नेवारी भाषामा पनि कथ्य रुपमा विविधता तथा अनेकता पाइन्छ । काठमाडौका र भक्तपुरका नेवारहरुले बोल्ने भााषामा भने केही भिन्नता पाइन्छ भने दोलखाको नेवारहरुले बोल्ने भााषामा भने निकै भिन्नता पाइन्छ, जस अन्तर्गत भाषामा मात्रै भिन्नता नभई शब्द र शब्दको उच्चारणमा पनि ध्वनीय भिन्नता पाइन्छ । नेवारी भाषामा हिङ्गमोल, गोल्मोल, पाचुमोल र रञ्जना जस्ता लिपिहरु भए तापनि वर्तमान नेवारी भाषामा रञ्जना लिपिमा नै लेखिने गरिएको पाइन्छ भने पत्रपत्रिकामा देवनागरी लिपिमै छापिने गरेको पाइन्छ । रञ्जना लिपिको प्रयोग भने नेवार समुदायले विशेष समारोहमा शिक्षित तथा बौद्धिक जमातले मात्र प्रयोग गर्दै आएको पाइन्छ । नेवारी भाषाको लेख्य रुप पनि काठमाडौ उपत्यकामा मात्र पाइन्छ । तिब्बत–बर्मेली भाषा परिवारमै साहित्यिक दृष्टिकोणले यो भाषा समृद्ध मानिए पनि लेख्य रुपमा कथ्य रुपमै यो भाषाले व्यापकता पाएको भने पाइदैन् ।

## ३.५ नेवार समुदायमा गुठी परम्परा

नेवार समुदायमा गुठी परम्पराको ठुलो महत्व रहेको पाइन्छ । संस्कृत शब्दको अपभ्रंश भई गुठी शब्द बनेको पाइन्छ । गोष्ठिको सामान्य अर्थ वा समुह भन्ने हुन्छ । परोक्ष रुपमा कुनै पनि सामाजिक कार्यहरुलाई सुव्यवस्थित र सञ्चालनका लागी सरक्षित गरिएको जग्गा वा धनलाई पनि गुठी सम्पत्ति मानिने गरिएको पाइन्छ । गुठीले जाति समुदायमा प्रचलित लौकिक तथा धार्मिक परम्परा, रीतिरिवाज, सामाजिक नियम र परिपाटी, इज्जत, मर्यादा र सामुदायिक वा जातिय ऐक्यवद्धता कायम गर्न मदत पु¥याउछ । जस्तो कुनै नेवार समुदायमा जन्म संस्कार गुठीको त्यति महत्व रहेको पाइदैन । समष्टिगत रुपमा भन्दा समाजलाई स्थिरता र स्थायी रुप दिन सुख दुःख एकआपसमा बाडिचुडी लिन चाडपर्व जात्रा मेला मठ मन्दिरको संरक्षण, मनोरञ्जन तथा जीवनचक्रका विधिविधान आदी जस्ता समुदायभित्र परिआउने कार्यमा गुठीले अह्म भुमिका निभाएको पाइन्छ ।

नेवार समुदायमा गुठी तीन प्रकारले स्थापित गरिएको पाइन्छ । जसमा संस्कारिक रुपमा स्थापित सी गुठी र सना गुठी सामाजिक तथा धार्मिक रुपमा स्थापित गुठी द्यो गुठी तथा देवाली गुठी पर्दछन् । सी गुठी र सना गुठी मृत्यु संस्कारसित सम्बन्धित छ भने सना गुठीले शवलाई श्मसानघाटमा लैजान अघि

आवश्यक पर्ने सबै प्रबन्ध गर्नुका साथै शव संग गएर परिआएको कार्य गर्ने गर्दछ । यदि एक वंशको परिवारलाई मृत्युको जुठो लागेमा अर्को वंशको परिवारलाई जुठो नलाग्ने हुन्छ । त्यही जुठो नलाग्ने गुठियारले मृतकको परिवारलाई सघाउने गर्दछ ।

नेवार समुदायमा मृतकको शव उठाउन गुठियारहरु नै चाहिन्छ । विना गुठियारले उठाएको शव अशोभनीय हुने गर्दछ । कसैको मृत्यु भएमा गुठीबाट ल्याउने देवं नामक वस्त्रले शवलाई ढाकेर शवयात्रा गर्नुपर्ने नियम छ । त्यो वस्त्र ढाक्नु भनेको मृत्यपश्चात पाएको श्रद्धा हो । यसैबाट गुठीको ठुलो महत्व रहेको पाइन्छ । देवं नामक वस्त्र गच्छेअनुसार रेशम वा साटनको पहेंलो अर्थात पिताम्बर हन्छ । शवयात्रा समाप्त भएपछि श्मसान घाटमा लगी शवलाई चितामाथि राखेपछि त्यो पुनः गुठीले जिम्मा लिन्छ र त्यसरी उक्त सबै गुठियारको निमित्त पुनः प्रयोगमा ल्याउने गरिन्छ ।

सी गुठी र सना गुठी बाहेक दोस्रो महत्वपुर्ण गुठीको नाम हो द्यो गुठी । धार्मिक तथा सामाजिक शुकार्यको लागी अन्य विभिन्न गुठीहरु पनि सञ्चालन गरिएको हुन्छ । पुजापाठको जिम्मा लिने मठमन्दिर सफा गर्ने जात्रा मेला तथा पर्वलाई सुव्यवस्थित ढंगले सञ्चालन गर्ने आदी जस्ता धार्मिक तथा सामाजिक गुठीलाई द्यो गुठी भनिन्छ । द्यो गुठी ले समयानुकुल नेवार समुदायमा गरिने संस्कारहरु चःरे सेवा गुठी, समे गुठी, भोद्यों गुठी, इही गुठी तथा अन्य पुजा जात्रा तथा मेला र मठमन्दिरका गुठीहरु सञ्चालन गर्दछ ।

नेवार समुदायमा देवाली गुठी पनि एक महत्वपर्ण गुठीको रुपमा रहेको पाइन्छ । यस गुठीले एउटै वंशका सन्तानहरु संगै बसी आफ्नो कुलदेवताको पुजा गरी आफ्नो वंशको रक्षा एवं आर्शिवादको याचना गर्दछन । यस्तो गुठीमा जुठो लाग्ने दाजुभाइका सन्तानहरु सबै भेला हुनु जरुरी छ । यस गुठीमा विवाहित छोरीचेलीलाई प्रवेश निषेध गरिएको हुन्छ । हरेक देवाली गुठीको पुजा तथा भोजमा बली चढाएको बोकाको टाउकोलाई आठ भाग र खुरहरुलाई पनि त्यस्तै भाग लगाएर दिने चलन छ । यसरी दिइने भागलाई सी भनिन्छ । वर्षको आधारमा थकाली देखि मुनिकालाई सी बाध्ने चलन छ । सि भित्र कान दुई टुक्रा तल्लो बगारा दुई टुक्रा आखा दुई टुक्रा नाक र जिभ्रो एक एक टुक्रा गरी भाग लगाएर बाडिन्छ । यो पुजा एक पर्व जस्तै मनाइने पुजाको संगठन हुनाले चाडपर्व भित्र नै यसबारे वर्णन गरिन्छ ।

# अध्याय चार : नालाका नेवारहरुका मुख्य सामाजिक संस्कारहरु

## ४.१ संस्कारको अर्थ र महत्व

संस्कारको अर्थ हो – दोष अवगुण, अशुद्धि आदी हटाएर राम्रो वा पवित्र पार्नु वा हुनु हो । अर्थात कुनै पनि समाजमा विद्यमान दोष, खरावी आदी दुस्तत्वलाई पन्छाएर त्यसलाई बढी परिष्कार गरी समाज समक्ष प्रस्तुत गर्नु नै संस्कार हो । संसारका सबै धर्ममा संस्कारको महत्वपूर्ण स्थान रहेको पाइन्छ । अफ हिन्दु र बौद्ध धर्म, संस्कृति अनुसार जीवनका प्रत्येक कर्महरु धार्मिक विधि विधानसंग सम्बद्ध छ । हिन्दु धर्ममा त सोह्र संस्कारले ठुलो महत्व राखेको पाइन्छ । तर सोह्रै संस्कार भए तापनि लोक प्रचलित जीवनचक्रमा दशकर्म (जात कर्म, यज्ञोपवित, विवाह, दाह संस्कार आदी ) लाई व्यापकता प्रदान गरिएको पाइन्छ ।

जीवन यात्राका क्रममा परम्परागत आस्था, भक्तिभाव, आत्मिक विश्वास आदीलाई स्थान लिई मानव समुदायलाई सदा सत्कर्मप्रति उन्मुख गराई लोक पछि परलोक पनि सुधार्ने आशाले मृत्युपछि सद्गति पाउने प्रयत्नमा मानिसलाई सामाजिक कर्तव्य र दायित्व प्रति सचेष्ट तुल्याउने प्रमुख कडी नै हो । सबै धर्म र जात आदि सम्प्रदायमा झैं नेवार समुदायमा पनि संस्कारको महत्व र गरिमा छ ।

## ४.२ न्वारन (नामाकरण)

जन्मको बेलामा गरिने जातकर्म पनि एउटा नेवारी संस्कार हो । विवाहित चेलीले आफ्नो माइतीमा सुत्केरी हुनु हुदैन भन्ने मान्यता नेवार समुदायमा पनि रहेको पाइन्छ । घरज्वाइँ राखेको अवस्थामा पनि यदि बच्चा जन्मन लाग्यो भने छुट्टै स्थानमा स्थानान्तरण गरी सुत्केरी गराइन्छ । सुत्केरी हुनु केही हप्ता वा दिन अघि माइतीबाट दही च्युरा लिएर आउने चलन छ । सुत्केरी हुँदा ६ दिन वा १० दिनमा सुतक चोख्याइन्छ भने कसैको ४ दिनमा सुतक चोख्याउने चलन भएको हुँदा यस कर्मलाई छैठी भनिन्छ । सुतक बार्ने अवधीभरिलाई नेवारी भाषामा खव्यामा : भनिन्छ । त्यसरी नै सुतक चोख्याउने कार्यलाई मचाबु व्यकेंगु भनिन्छ । यसै दिनमा बच्चाको नामाकरण कार्य हुन्छ जसलाई न्वारान भनिन्छ । यस दिन गरिने नामाकरण व्यावहारिक नाम हुन्छ भन्ने छैन । नाम फुपु वा हजुरआमाले राख्ने चलन छ भने चिनाको नाम ज्योतिषले राख्ने चलन छ ।

सालनाल काटेर न्वारान नगरुन्जेल बच्चा र आमा दुबैलाई घामबाट वञ्चित गरी नुनको स्वाद चाख्न नदिई राखिन्छ र न्वारन पछि सफा गरी पुजापाठ गरिन्छ । न्वारान पछि घाममा बच्चा र सुत्केरीलाई राखी तेल लाउने चलन छ । बिहान घाममा र बेलुकी आगो बाली दुइपटक तेल लगाई दिने गरिन्छ । न्वारानको दिनमा सुत्केरीको माइतबाट बच्चा र आमाको लागी आवश्यक सरसामान लुगाफाटा ओछ्यान सिरान, खाद्यान्न , मासु ,राँगाको टाउको , सुकल ,कागज , तेल आदी खर्पनमा हाली पठाइन्छ । केही दिन पछि माइतबाट घ्यु चाकु खुवाउन आउछन । सुत्केरी भएको एक महिना पछि सुत्केरीको माइतीबाट मासु खुवाउन आउँछन र त्यसैबखँत माइतमा सुत्केरी पाल्न लगिन्छ । करिब २ महिनासम्म बसेर आफ्नो घर फर्किन्छ ।

## ४.३ पास्नी (भातखुवाई)

नेवारीमा पास्नीलाई मचा : जंको भनिन्छ र नेपालीमा कसैले अन्नप्रासन पनि भन्ने गरेको पाइन्छ । छोरा भएमा ६ वा ८ महिनामा र छोरी भएमा ५ वा ७ महिनामा पास्नी कार्य गरिन्छ । पास्नीमा जन्मको रुपमा सर्वप्रथम भात खुवाउने प्रथा छ । त्यसैले यसलाई भातखुवाई भन्ने गरेको पाइन्छ । भात खुवाउँदा सबैभन्दा पहिले चाँदीको चम्चाबाट फुपुको हातबाट बच्चालाई खुवाउने चलन छ । भातको साथमा अन्य खाद्यान्नका विभिन्न थरिका मीठा भोजन पनि खुवाउने अर्थात मुखमा छुवाउने चलन छ । यस दिन शिशुलाई तासको लुगा लगाई हातको पन्जामा “ल्हासिक चा” भन्ने चाँदीका गहना र शिशुको दुवै कान छेडी रिङ वा नेवारीमा मारिचा लगाइन्छ र पाउमा चाँदीको कल्ली लगाइन्छ । पुजा गरिने समयमा एउटा किस्तिमा शिशुको लागी खेलौना, ईटाको टुक्रा, माटो सुनको गहना, पुस्तक कलम आदी राखेर शिशुलाई देखाइन्छ । यसरी देखाउदा शिशुले कुन सामान समाउछ वा छुन्छ त्यसबाट शिशुको भावी पेशा वा अभिरुचीको अडकल गर्ने विश्वास गर्दछन ।

## ४.४ चुडाकर्म (छेवर)

नेवारहरु प्राय: ५ देखि ७ वर्षको उमेर भित्रका छोराको लागी गरिने कर्मकाण्डलाई चुडाकर्म वा नेवारीमा बस्का वा बासुका भनिन्छ र लोक प्रचलनमा छेवर शब्दले नै स्थान पाएको छ । जन्मदेखिको कपाल एकै पटक चुडाकर्ममा मात्र काटने नियम छ यद्यपी कपाल यसभन्दा अघि काटे तापनि छुरा लगाउन भने हुदैन । छेवरको अघिल्लो रातमा बालकको कपालमा टुप्पी बनाएर मामाले त्यसमा गाँजलको बट्टा , मजुरको प्वाँख, काँइयो र सुनको औठी बाधिदिन्छ । छेवरको साइतमा छुराको पुजा गरेपछि मामाले कपाल काट्न सुरु गर्छ र काटिएको केशलाई फुपुले चाँदी वा तामाको थालमा थापिदिन्छे । त्यसपछि नौ ले कपाल मुण्डन गरिदिन्छ । त्यसपछि मामा र फुपुहरुबाट अनि थकाली नकींबाट सगुन दिने काम गरिन्छ । यो संस्कारबाट नै उक्त बालकको अन्य संस्कारगत कर्म चल्छ । अर्थात कुटुम्बको मृत्यु भएमा मलामी जाने, जुठो बार्ने आदी कर्ममा सहभागी हुने अनभुति पाइन्छ भन्ने जनधारणा रहेको छ । यदि बाबु आमाको मृत्यु भएमा चुडाकर्म नगरिएको बालकलाई जुठोसम्म लाग्दैन तर दागबत्ती दिनैपर्ने अनिवार्य अवस्था परिआएमा भने घाटमै मामाद्धारा छेवर गर्ने चलन पनि छ । त्यसैले नेवारी संस्कारमा यो अति नै महत्वपुर्ण प्रथा हो ।

## ४.५ व्रतवन्ध

चुडाकर्म पछि बालकलाई गरिने अर्को संस्कार हो व्रतवन्ध । व्रतवन्धलाई नेवारीमा कएता पुजा भनिन्छ । यो संस्कार करिब १० – १३ वर्षभित्र गरिने चलन छ । तथापी कसैकसैले चुडाकर्म र व्रतवन्ध एकैपटक गराउने चलन छ । चुडाकर्म गरे पनि व्रतवन्ध नगरेसम्म बालक नाबालक नै ठहरिन्छ र विवाह गर्न हुदैन् भन्ने नेवारी लोकमत पाइन्छ । यस कर्ममा पनि मामाकै उपस्थिति अनिवार्य हुन्छ ।

व्रतवन्धमा पुरोहितद्धारा मन्त्रोच्चारण गराई लंगौटी दिइन्छ । त्यसपछि नातेदारहरुबाट भिक्षा दानस्वरुप अन्न कपडा द्रव्य आदी दिने कार्य सकेपछि भोज खाई व्रतवन्ध सम्पन्न हुन्छ । कुनै कुनै ६ थरे श्रेष्ठ मल्ल, जोशी, अमात्य आदी र राजोपाध्याय नेवारहरुको यस कर्ममा जनै अर्थात् उपनयन धारणा गराउने प्रथा छ ।

बौद्धमार्गी गुभाजु, शाक्य भिक्षुहरु व्रतवन्धको सट्टा बालकलाई बौद्ध विहारमा लगी चुडाकर्म र व्रतवन्ध एकैसाथ गर्दछन् जसलाई नेवारीमा वरेछुइगु भनिन्छ । हिन्दुहरुमा टाउकोमा शिखा अर्थात टुप्पी राख्दछन् भने वौद्धमार्गीहरु राख्दैनन् ।

## ४.६ बेलविवाह (इही)

बेल कर्मलाई नेवारीमा ईही भनिन्छ । कन्या ५–६ वर्षको उमेर भएपछि ईहि गरिन्छ । बेलविवाहको अर्थ एकप्रकारको विधिपुर्वक विवाह नै हो । यो चलन वा संस्कार नेवारहरुमा बाहेक अरु कुनै जातीमा पाइदैन् । नेवारहरुमा पनि कसाई, च्यामे, पोडे आदि जातमा यो चलन छैन् ।

बेलविवाह कन्याको मासिक धर्म सुरु हुनुभन्दा अघि सम्पन्न गरिसक्नुपर्ने अनिवार्य छ । बेललाई स्वर्णकुमार वा अमर पुरुषको रुपमा ग्रहण गरिन्छ । यही कारण इहीलाई बिल्व विवाह भनिन्छ । विहे रीतपुर्वक गरिएको बेल उक्त कन्याको नेपालीमा पतिको रुपमा स्वीकारिन्छ र बेललाइ सुरक्षित र केही गरी बेल फुटेमा पतिको आयु पनि छोटो हुने विश्वास गरिन्छ । विवाहित चेली भए कथंकदाचित पतिको मृत्य भएमा पनि बेलसित विवाह भैसकेको कारण पक्का विधवा भई बस्नुपर्ने वाध्यता छैन । नेवार समुदायमा पारपाचुके गर्न चाहेमा विवाहको बखत पाएको सुपारी फिर्ता गरी पारपाचुके गर्न सकिन्छ ।

## ४.७ सूयर्दशन

नेवारहरुको चलन अनुसार इही गरिसकेर मासिक धर्म हुनुभन्दा अघि करिब १२–१४ वर्षको उमेरमा गरिने संस्कार वा कर्मकाण्डलाई गुफा राख्ने वा नेवारी भाषामा बाह्रँ तयेगु भनिन्छ । गुफा राख्दा ११ दिनसम्म कन्यालाई अध्यारोकोठामा राखी घाम र पुरुषको दर्शन नहुने गरी लुकाएर राखिन्छ । बाह्रौ दिनमा घाम झुल्किनु भन्दा अघि कन्यालाई नुहाइधुहाई गराई ज्योतिषको साइतअनुसार आँखामा पट्टी बाँधी बइगलमा लगी पहिले घामको दर्शन नहुने ठाउमा राखिन्छ । त्यहाँ बाजेले पुजापाठ गरिसकेर मात्र कन्यालाई पुर्वाभिमुख गराएर सुर्यको दर्शन गराइन्छ । यदी गुफा नराख्दै प्रथम पटक मासिक धर्म सुरु भएमा त्यही दिनमै गुफा राख्ने चलन छ । यदी सानैमा विवाह भएर प्रथम पटक पतिको घरमा मासिक

भएमा त्यही गुफा राखिन्छ र रात परेपछि माइती घरमा पठाइन्छ । टाढा भएमा अन्त कसैको घरमा पठाइन्छ , जहाँ कुनै पुरुषको दर्शन नहोस् ।

गुफा राख्ने क्रममा पहिलो ४ दिनसम्म नून खुवाइदैन् । ४ दिन वा ८ दिनमा तेल र 'कों' (चामलको कनिकाबाट बनाइएको बुकु वा पाउडर ) अगाडी राख्ने काम वा 'को चिकं सायकेगु' कार्य भएपछि मात्र नुन खान दिइन्छ । यसपछि कन्याको मामा घर तथा आफन्तहरुले " छुस्या मुस्या" खुवाउने भनी दही चिउरा अर्थात् धौबजी नकेगु ल्याइन्छ जसमा भुटेको भटमास , मकै, गहुँ, चना, केराऊ, बदाम, तथा फलफुल र मिठाई पनि हुन्छन र गुफा राखेको कन्यालाई खान दिई सबैलाई साथमा बाँडिन्छ । ११ दिनसम्म गुफा राखेको कन्या अन्य साथीहरुका साथ एकै कोठामा बसी विभिन्न खेलहरु खेली बस्ने गर्दछन् । गुफा राखेको १२ दिनको दिन गुफा निकाल्ने गरिन्छ । यो सबै दाजुभाईले चोख्याउनुपर्छ । गुफा निकाल्ने दिन गुफा राखेको केटिलाई दाजुभाइको खलकको मुलि (थकाली नकी) लेपुजा आजा गरी बाहिर निकालेर पहिले सुर्यको दर्शन गराँउदछन् । अनि बाबुको मुख देखाउँदछन । त्यसपछि सिन्दुर राख्ने भाडो र "ज्वलन्हाक " ऐना समाउन लगाएर गणेश स्थान र भगवती मन्दिर लगी पुजा गराई विर्सजन गर्ने चलन छ । पुजा सकेपछि कन्यालाई भोजन अर्थात थायभुमा भोज राखी(चौरासी व्यञ्जन) खुवाइन्छ । जसमा सगुनका साथ अन्य परिकार राखिएको हुन्छ । सो दिनमा नातेदारहरुबाट धान, पैसा, आदी राखी बारा छुयगु भन्ने काम गरिन्छ । साथै कन्यालाई साथमा लुगाफाटा पनि दिने चलन छ ।

गुफा राखी छाडेको अवधी कुनै कन्या वा नारीको मृत्यु भएमा उक्त शवलाई भऱ्याङबाट ओह्रल्न हुदैन् भन्ने कथन छ, जसअनुसार जुन कोठामा मृत्यु भएको हो त्यस कोठाको प्रत्येक तल्लामा दलिन निकाली प्वाल पारेर छिंडीमा लगेर त्यही गाडिन्छ । यसको प्रमुख कारण बाहिर लगेर सद्गति गर्नु नहुने हो । यो कार्य सबै महिलाहरुले मात्र गर्नु पर्ने हुन्छ ।

हिन्दु महिलाहरु मासिक धर्म हुदा अन्य वाहुन क्षेत्रीहरु झैं चार दिन बार्दछन । पुजाआजा तथा भान्छाको काम गर्दैनन् । तर बौद्धमार्गीहरुमा चार दिन पुजाआजा तथा अन्य शुभकार्य गर्दैनन् । तर भान्छाको काम भने गर्दा हुन्छ ।

## ४.८ विवाह

धार्मिक रुपमा इही गरे तापनि व्यावहारिक वा सामाजिक विवाह अन्य वर्गमा झैं विधिपुर्वक विवाह गरिन्छ । परम्परागत मागी विवाह बरबधुको कुरा चलाउने काम लमीले मध्यस्थताको रुपमा काम गर्दछ । लमीको माध्यमबाट कुरा छिनेपछि वर पक्षका जेठा बुढापाकाहरु बधुपक्षको घरमा गई विवाह पक्का गर्न जान्छन् जसलाई पक्का यायेगु भनिन्छ । साइतअनुसार विवाहको केही दिन अघि वर पक्ष वधुको घरमा मखमली थैलीमा चाँदीको सिन्दुर बट्टा, १२ वटा सिंगो सुपारी, एकजोर लुगाफाटा ,पुजाका सामान तथा फलफुल मिठाई पानमसलाहरु आफ्नो गच्छेअनुसार पठाइन्छ । यो सुपारी पठाउने चलनलाई नेवारीमा ग्वे सायकेगु वा ग्वे वयगु वा ग्वे हइगु भनिन्छ । थकाली नकीले उक्त सुपारी कन्यालाई सुम्पेर टीका लगाई पुजा गरेपछि सुपारी कार्यको विधि सकिन्छ ।

अचेल विवाह हुनु अघि वरपक्षबाट कलिला लगाउन आउने कामलाई नेवारीमा कलिया न्ह्याकेगु चलन भन्दछ । सुपारी ल्याइसकेपछि स्वयम्वर गर्ने चलन छ । स्वयम्वरमा वधुले वरलाई फुलमाला र वरले वधुलाई तिलहरी पोते, सुनको सिक्री लगाइदिने र एक आपसमा औठी लगाई दिने काम हुन्छ । नेवारहरु जन्त जाँदा कतै दुलहा साथमा जानन्छन् भने कतै जादैनन् । जन्ती दुलहीको घरमा पुगेपछि मसला पान सुपारी आदीले स्वागत गरिन्छ । केही छिन बसेर दाजुभाई नजिकको वाहेक सबै फर्कन्छन् । फेरी जन्ती गएपछि मात्र स्वयम्वर हुन्छ । दुलही बाहिऱ्याउन अघि अघि पुर्ण वाजागाजाका साथ दुलहीलाई आमाबाबु लगायत नातेदारहरुले दाइजो दिई सुपारी लिईन्छ । कन्यालाई माइतीको घरको अन्तिम भोज खुवाइसकेपछि सबैले आँशु बहाई बिदाई हुन्छ । कन्या बाहिऱ्याउने कार्यलाई पितवियगु भनिन्छ । दुलही, दुलहाको घरमा पुगेपछि घरको मुलढोकामा दुलहीलाई थकाली नकीले र पुरोहित बाजेले गणेश तथा कुलदेवताको पुजा गर्न लगाइन्छ । यसपछि दुलही घरमा भित्रयाइन्छ । यसलाई नेवारीमा भमचा दुकायगु भनिन्छ । यसको अर्थ त्यस दिनदेखि दुलही त्यस घरको अंग भई काम गर्न सकिने हुन्छ । दुलही भित्रयाएपछि दुलहीले दुलाहापट्टिका दाजुभाई र आफन्तहरुलाई सुपारी दिनेकाम गरिन्छ । यसपछि दुलाहा र दुलही दुवैलाई एउटै थाल थाएभुमा राखी चौरासीव्यञ्जन राखि एकाआपसको जुठो खान लगाइन्छ । विवाह भएको ४ दिनपछि साँझ वा बेलुकी दुलहीपट्टीका लोग्ने मानिसहरु तथा आइमाई केटाकेटीहरु दुलहाकै घरमा मुख हेर्न आउछन । साथमा लाखमरी , फलफुल, मसला लुगा, चुरा, धागो, तथा पुजाको सामान पठाइन्छ । सोही लुगा लगाई सबै माइती पट्टिका आफन्तहरु बसेका ठाउमा

बसाइन्छ र पुजा गरिन्छ । त्यसपछि घरका बाबु बाजेबाट गहना तथा रकम दुलहीका हातमा चढाईन्छ । माइतीबाट आएका आफन्त बच्चाहरुलाई लाखामरी तथा मसला बाँडिदिएपछि मुख हेर्ने काम समाप्त हुन्छ । केही समयपछि दुलहादुलही दुवैलाई दुलहीका आफन्तहरुले माइती लगिन्छ । ससुराली खलकका सबैलाई दुलहाले १०/१० वटा सुपारी दिई परिचय गराइन्छ । यस विधिलाई नेवारीमा जिचा दुकाएगु भनिन्छ । यसरी दुलहालाई सगुन तथा कपडा दिई अतिथिको रुपमा पुजा गरि भोजन गराइन्छ । तर अचेल कन्या भगाई लाने वा प्रेम विवाह अथवा चोरी विवाहको आधिक्यले यो महँगो र बृहत परम्परागत विधिपुर्ण विवाह हाल दुर्लभ हुन पुग्दैछ ।

## ४.९ भिमरथारोहण

भीमरथारोहण नेवारी समाजमा मात्रै पाइने प्रथा हो । यसलाई नेवारीमा बुढाबुढी जंको भनिन्छ । यो जंको गरिसकेका बुढाबुढीलाई देवताको रुपमा श्रद्धा गर्ने चलन छ । खासगरि बुढाको उमेर अनुसार यो प्रथा गरिन्छ । बुढाको उमेर पुगेको भएमा बुढी जतिसुकै वर्षकी भए पनि संगै गरिन्छ तर बुढो नभई बुढीमात्र बाचेकी छन भने उनलाई यो कार्य गर्न खास उमेर पुग्न जरुरी पर्दछ । यो खास ३ पटक गरिने चलन छ । यद्यपी प्रायः एकैपटक मात्र गर्ने गरेको पाइन्छ । भीमरथारोहण चिनोको जन्मसाइत अनुसार ७७ वर्ष ७ महिना ७ दिन, ७ घडी, ७ पला जांदा गरिने चलन छ । दोस्रोपटक गरिने जंकोलाई देव रथारोहण भनिन्छ । यसका लागि ८८ वर्ष ८ महिना ८ दिन , ८ घडी ८ पला जांदा गरिने चलन छ । भीमरथारोहण बुढाबुढीलाई तिल चाकु हाली चामलको पीठोबाट बनाएर पकाएको रोटी (योमरी) को माला लगाइने गरिन्छ । आफ्ना परिवार तथा नातेदारहरुले बुढाबुढीलाई खुट्टा धोइदिने, ढोग्ने तथा पैसा चढाउने कार्य गर्दछन । त्यसपछि नातेदारहरुलाई भोज खुवाइन्छ । निम्तालु आफन्तहरुले त्यस दिन सगुन तथा लुगाफाटा लिएर आउछन र यसरी भीमरथारोहण हर्षोल्लासका साथ मनाइन्छ । यो काम नाला गाउँमा गरेको छैन । हाल आएर फाँट्ट फुट्ट मात्र गरेको देखिन्छ ।

## ४.१० मृत्यु संस्कार

नेवार जातिमा कसै कसैको मृत अवस्थामा पुगिसकेकोलाई घाटमा लैजाने चलन छ । साधारणतया घरमै राख्ने भए मृत्युको समय अघि छिंडिमा ब्रह्मनाल नामक पवित्र स्थान बनाएर मृत प्रायः व्यक्तिलाई त्यही राखिन्छ । त्यस समय उसका पाउ वा गोडा मुनि पत्नि वा छोराछोरी बसेर श्राद्धका लागी प्रयोग गरिने कोल्ला नामक कलशमा पानी राखेर निरन्तर जलधारा चुहाइ रहनु पर्दछ । मृत्यु हुनासाथ दुइमुखे दियोमा बत्ती बाली शिर पाउमा राखिन्छ । त्यसैले नेवारहरु अरु समय एउटा दियोमा दुईमुखे पारी बत्ती बाल्ने गर्दैनन ।

मृतकको शवयात्रा गर्न अघि देवं नामक कपडादेखि दाहसंस्कारका लागी चाहिने सामाग्रीहरु पराल, गहुको नलको मुठा, दाउरा, गोबरको गुईठा, फलामे खोली आदी सामान गुठियारहरुले जोरजाम गर्दछन् । बासको उल्टो खट बनाई त्यसमा सुताईन्छ । लाश उठाउन अघि मुख धुवाई शरीरमा तेल घसाइदिन्छ । सिन्दुरको टीका लगाइन्छ । यसै समय मृतकको चिना शिरमा बाधिदिन्छ । शव उठाउन अघि बुहारीले ईदे ईटा तीनवटा र मृतकको वस्त्र चौवाटोमा राख्ने चलन छ । यसलाई नेवारीमा छ्वासवायेगु भनिन्छ । उक्त ईटा र वस्त्र मृतकले परलोकमा पनि पाउछ भन्ने कथन रहेको छ । परलोकमा पुगी त्यस ईटाबाट घर बनाउन पाई बस्न पाउछ भन्ने जनधारणा छ । यसपछि मात्र लाश उठाउने काम हुन्छ । आइमाइहरु मलामी जाने चलन छैन तर छोरी नातिनीहरुले धान र लावा मिसाएर बाटो भरी छर्दै रोएर घाटसम्म सँगै जान्छन मृतकलाई पानी खुवाई रुँदै पछाडी नफर्कि घर फर्किने चलन रहेको छ । नेवारहरुमा बाबुको मृत्यु भएमा जेठो छोरोले र आमाको मृत्यु भएमा कान्छो छोराले दागबत्ती दिने चलन छ । यसरी दाहसंस्कार गरि घाटबाट फर्केपछि कसैको किरिया बस्ने चलन छ भने कसैको छैन ।

कुशले अर्थात् कपालीहरु शवलाई गाडेर त्यसमाथि गच्छेअनुसारको नुन हाली माटोले पुर्दछ । यस्तो शव संस्कारमा मृतकलाई सुताएर होइन बसाएर गरिन्छ । हिन्दुहरुले १० दिनसम्म अशोच बार्दछन र तेह्रौं दिनमा पुर्णतया अन्तिम क्रिया गरी चोख्याउछन । बौद्ध नेवारहरु अर्थात गुभाजु, शाक्य, उदास आदीले ७ दिन मात्र बार्ने चलन छ । विवाहित छोरी ४ दिन मात्र जुठो बार्ने चलन छ । धेरैजसोको शोक सन्तप्त घरपरिबारमा खाना नपकाईने हुदाँ फुकीको घरबाट खाना ल्याई खुवाउने चलन छ । मृत्यु भएदेखि नचोख्याइन्जेल वा ८ दिनभित्र छिमेकी आफन्त वा साथीभाईहरु मृतकको घरमा आई अपशोच तथा समवेदना प्रकट गर्दछन । साथै आइमाइहरु खाद्यान्न, फलफुल, दुध, चिनी लिइ जान्छन् । यस कार्यलाई बिचा वनेगु भनिन्छ । सातौं दिनमा मृतकको नाममा भात चढाउने अर्थात न्हेनुमा तयगुको

काम हुन्छ । यस दिन छोराछोरीले नुहाई शुद्ध रुपमा भात तथा अन्य खानेकुरा पकाउछन । ती सबैलाई मुलढोका अगाडी ७ वटा पातमा भात तथा ७ थरी पकाएको खानाहरु राखेर कुशलेलाई दान दक्षिणा दिने गर्दछ । तर आजभोली यस्तो दान दिने चलन प्राय बन्द भैसकेको हुनाले त्यो दानलाई खोलामा बगाउने चलन छ । आठौं र नवौं दिनमा सबै लगाएका लुगाफाटा धुने गर्दछन् । भने १० औं दिनमा लोग्ने मानिसहरु खोलामा गई सुध्याउछन् । स्वास्नी मानिसहरु घरमा नै नुहाइ धुवाई गरी लोग्ने मानिसहरुलाई पर्खन्छन । ११ औं दिन गरिने कार्यलाई घःसु भनिन्छ । घःसु को अर्थ घर शुद्ध गर्ने हो नेवारीमा पानीको ठुलो भाँडो वा ध्याम्पालाई घ भनिन्छ । सु शुद्धिको शब्दबाट अपभ्रंश भई छोटकरीमा प्रयोग गरिएको रुप हो । यसबाट पानी शुद्ध पार्ने भन्ने बुझिन्छ ।

क्रियाको १२ औं दिनमा हवनको कार्य हुन्छ । मृतकको  परिवार फुकि तथा नातेदारहरु हवन गरेको ठाउँमा हात थाप्ने काम गर्दछन । यसलाई नेवारीमा ल्हा पनेगु भनिन्छ । मृत व्यक्ति स्वास्नी मानिस भए हवन पछि थकाली नकीले पुरोहितकी श्रीमतीको केश कोरी दिने सिउँदोमा सिन्दुर  हाली दिने काम तथा धोती चोलो लगाई दिन्छ भने मृतक पुरुष भए यस्तो कार्य नगरी पुरोहितलाई दान दिने गरिन्छ । १३ औं दिनमा पनि श्राद्ध हुन्छ । श्राद्ध सकिएपछि मलामी र आफन्तहरुलाई भोज खुवाउने गरिन्छ । यसरी अन्तिम किरिया सम्पन्न हुन्छ । यसपछि ४५ औं दिनमा  ६ महिनामा १ वर्ष , २ वर्षमा पनि श्राद्ध गर्ने चलन छ । दुवै धर्मालम्वी नेवारहरुको १० दिनदेखि १ वर्षसम्म छोराहरु र स्वास्नीले सेतो एकसरो वस्त्र पहिरन गरी बर्खी बार्ने चलन अद्यापी छ ।

# अध्याय पाँच : उग्रचण्डी नालाका नेवार समुदायमा धार्मिक आस्था तथा चाडपर्व

## ५.१ धार्मिक आस्था तथा विश्वास

नेवार समुदायमा हिन्दु तथा बौद्ध दुवै धर्मको सङ्गमस्थल हो तर नेवार समुदायमा धार्मिक सहिष्णुताले उच्च स्थान पाएको छ । हिन्दुहरु बौद्धविहार मन्दिर गई देवीदेवताको पुजा गर्ने गरेको पाईन्छ । कुन नेवारहरु हिन्दु हुन वा बौद्ध छुट्याउन गाह्रो पर्ने देखिन्छ । विशेष गरी ज्यापु, मानन्धर, तण्डुकार, कुमाले आदीमा धार्मिक स्पष्टता छैन भन्ने कुरा यसभन्दा अघिका अनुच्छेदहरुमा उल्लेख गरिसकिएको छ ।

बौद्ध नेवारहरुमा कम मात्रामा बज्रयान शाखाका बढी संख्या अर्थात ९० प्रतिशत हिनयान शाखाका मतानुयायीहरु छन् । चैत्य स्तुप र बिहारको निर्माण र संरक्षणमा यी नेवारहरु सदा तत्पर हुन्छन् । हरेक पर्व र संस्कारहरु विहार बहालमा नै अधिकांश आयोजना सन्पन्न हुन्छ । विशेष गरी बौद्ध नेवारहरु भगवतीको आराधना एवं उपासना गर्ने गर्दछन् र हिन्दु नेवारका तीन धार्मिक सम्प्रदाय हुन जसमा शैव, वैष्णव र शाक्त पर्दछन् । शैवहरु पशुपतिलाई आराध्यदेवको रुपमा पुज्छन र अघोरी सन्त-महन्थको सम्पर्कमा उपदेश लिई लिङ्गपुजा गर्छन । शैव पन्थि तर सबै देवीदेवता  पुज्छन र शाकाहरी र मांशाहारी दुवै हुन्छन् । वैष्णवपन्थी अति कट्टर धर्मका मतावलम्बी र शुद्ध शाकाहारी हुन् । विष्णु, ब्रह्मा, राम र कृष्ण उपास्य देवताहरु हुन् । हरबखत हरपल मुखारविन्दुबाट नारायणको उच्चारण गर्छन् । उनीहरु बलीमा पटक्कै विश्वास गर्दैनन् ।

नेवारहरु बढी संख्यामा शाक्त मतावलम्बीका छन् । आय, धन, यश, राज्य वृद्धि आदि कुशलमङ्गलको निम्ति उपास्य देवीपीठहरु नै भएकाले कुनै सङ्कट आईपर्दा देवीहरुलाई नै भाकल गरी शक्ति पीठहरुमा गई पुजाआजा गर्ने चलन छ । वस्तुतः आफ्नो उन्नती र कल्याणको प्राप्तीको उपाय नै शक्तिपुजा नेवार समुदायको लागी प्रमुख धर्म हुन पुगेको छ । विशेषगरी नेवारहरु जुनै शाखाका अनुयायी भए तापनि भीमसेनलाई इष्टदेवको रुपमा पुज्ने गर्दछन् ।

## ५.२ पूजाको विधि विधान

नेवारहरु बढी शाक्त पन्थी हुनाले बली चढाउने विधिलाई अपनाउछन । त्यसैले हरेक पूजामा मासुको प्रयोग गर्छन् । पूजामा देवी देवतालाई चढाउने प्रसाद स्वरुप समेबजी, स्याबजी, अदुवा, भटमास, मास आदी फल रक्सी तथा फुलहरुलाई उपयोगमा ल्याउछन । मन्दिरमा पुजा गर्ने पुजारी वा पुरोहित नेवार नै हुनाले तान्त्रिक विधि विधान अनुसार  गर्ने चलन छ । विशेषतः पुजा शनिवार र असोज महिनाको जमरे औंसीदेखि पुर्णिमासम्म भव्य रुपले गर्ने परम्परा छ । पुजामा बोका, राँगा, कुखराको भाले, फुल बली चढाउने परम्परा छ । पूजामा स्वास्नी मानिसहरु कलाली बोकी मन्दिर जाने र लोग्ने मानिसहरु भजनकिर्तनमा संलग्न हुन जाने गरेको पाईन्छ ।

## ५.३ चाडपर्व उत्सवहरु

चाडपर्वोत्सवहरु संस्कृतिका अभिन्न अङ्ग-प्रत्यङ्ग हुन् । तर अधिकांश चाडपर्वोत्सवहरु धार्मिक रंगमा नै रंगिएका हुन्छन् र कुनै  देवीदेवतासित सम्बन्धित पाईन्छन् । यस अवसरमा गरिने स्नान, ध्यान, दान, पूजा, यज्ञ, उपवास, भजनकिर्तन, आरती आदी जस्ता कार्यविधिले धार्मिक कारण जनाए तापनि अरु मुख्य केही फाइदाजनक कारणहरु पनि छन् । दिनानुदिन व्यस्तता र परिश्रमले गलेका नेवारहरु बेलाबखत फुर्सदमा पनि केही न केही गरौं भन्ने भावना हुनसक्छ । आमोद प्रमोदका साधनहरुमा विभिन्न नाचगान ख्यालठट्टा आदिलाई प्रमुख मान्न सकिन्छ । अर्को स्वास्थ्य रक्षाका दृष्टिकोणले पनि चाडपर्वोत्सवहरु उत्पत्ति तथा आयोजना भएको यकिन गर्न सकिन्छ । त्यस्तै मनाईने यहाँ चाडपर्वहरुको बेला सधै एकैप्रकारको मात्रै खाद्य पदार्थहरुको भोजन सेवन गर्दैनन् । कुनै चाडपर्वमा रोटी खाने, कुनै बेला दही च्युरा कुनै बेला फलमात्र कुनै बेला मासु, कन्दमुलको तथा गेडागुडीका् आहार भोजन गरी मनाइने चलन छ । वर्षैभरि नेवारहरुको हरेक चाडपर्व हुने भएकाले काल र मौसम अनुसार स्वास्थ्यको लागी फाईदा हुने किसिमबाट फरक फरक खाद्य पदार्थहरुको उपयोग गर्दछन् । नेपालमा नेवारहरुले कहिलेदेखि चाडपर्व मनाउदै आएका हुन भन्ने कुनै ऐतिहासिक स्पष्ट तथ्य पाईदैन तर किंवदन्ति वा जनश्रुतिका आधारमा लिच्छवीकालदेखि प्रचलनमा ल्याईएको हुनसक्छ भन्ने स्पष्ट तर्क गर्न सकिन्छ । कारण केही विदेशी अनुसन्धाता वा विद्वानका कृतिका आधारमा लिच्छवीहरुको सामाजिक जीवन विभिन्न चाडपर्वोत्सवहरु तथा आमोद प्रमोदबाट बाँधिएका र ढोल, नगारा, नरसिंघा जस्ता वाद्यवादनहरु प्रयोग गर्नमा बढी चाख भएको कुराहरु पाईन्छ ।

लिच्छविहरु पछि नेपालमा मल्लकालिन शासनकाललाई सांस्कृतिक दृष्टिकोणले स्वर्णकाल तथा उन्नत र परिस्कृत युग मान्न सकिन्छ । कारण यस समयमा प्रचलित भएका चाडपर्व जात्रा तथा मेलाका बारेमा तत्कालिन वंशावलीहरु, ठ्यासफुहरु, शिलालेखहरु आदीबाट जानकारी पाउन सकिन्छ ।

वस्तुतः यस खण्डमा विशेष गरी विभिन्न ठाउमा छरिएर रहेका सबै नेवारहरुले मनाउने चाडपर्व जात्राको वर्णन गर्न सकिन्छ । तसर्थ नेवारहरुले मनाउने अधिकांश भने यहाँ सविस्तार उल्लेख गरिएको छैन् । तसर्थ नेवारहरुले मनाउने अधिकांश चाडपर्वोत्सवहरु बुद्ध जयन्ती, मातृ औंसी, देवाली पूजा, सिठी नखः नागपञ्चमी, चतुर्दशी, पितृ औंसी, चथाः, दशैं, तिहार, धान्य पुर्णिमा, माघे संक्रान्ती, महाशिवरात्री, फागु पुर्णिमा, अर्थात होली, चैते दशैं आदी हुन भने जात्रामा महालक्ष्मी जात्रा र स्थानीय उग्रचण्डी भगवतीको पुजालाई लिन सकिन्छ ।

## ५.३.१ बुद्ध जयन्ती

नेपालको पर्वहरुमा बुद्ध जयन्ती पनि महान पर्व हो । नेपाल भित्रै लुम्बिनीमा प्रादुर्भाव भएका भारतको वोधगयामा बुद्धत्व प्राप्त गरेका एशियाका प्रदीप्त एवं उज्ज्वल तारा तथा महामानव सिद्धार्थ गौतम अर्थात् महात्मा बुद्धको जन्म जयन्ती बैशाख पूर्णिमामा मनाउने परम्परा छ । महात्मा बुद्धलाई आज भगवानका अवतार मान्छन् र नेपाल, भूटान, भारत, जापान, चीन, कोरिया, श्रीलंका, थाइल्याण्ड, मंगोलिया, कम्बोडिया, लाओस, भियतनाम, बर्मा आदि देशहरुमा उनको अवतार स्वरुप धर्मको मान्यता प्राप्त छ र उनका अमर उपदेशको व्यापक प्रचार भइरहेको छ ।

नेपालमा विशेषतः नेवार, तामाङ्ग, शेर्पा, थकाली, गुरुङ, मगर आदि जातिहरु बौद्ध धर्म पनि मान्दछन् । नेवारहरु काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा, नाला आदि शहर तथा गाउँमा बैशाख पूर्णिमाको पवित्र दिनमा बुद्ध जयन्ती भव्यरुपले धुमधामले मनाउँछन् । यस दिन बहाल, विहारहरुमा भिक्षु-भिक्षुनीहरु तथा भक्तजन, उपासक उपासिकाहरुको ठूलो भीड लागेको हुन्छ । दिनभर र रातभर भजनकीर्तन गर्दछन् । भगवान बुद्धको प्रतिमालाई खटमा राखी झ्याँक्रीहरुको साथ धूप दीप वालेर बाजागाजा सहित भजनकीर्तन गरी शहर परिक्रमा गर्दछन् र यसरी बुद्ध जयन्ती मनाउने गर्दछन् ।

## ५.३.२.मातृ औंसी (आमाको मुख हेर्ने)

प्रत्येक बैशाख कृष्ण अमावस्याको दिन जीवित आमालाई छोराछोरीले आमाको मुख हेर्ने दिन हो भने मृत आमाको सम्भनामा श्राद्ध-तर्पण गर्ने अवसर हो । यसैले यो दिनलाई "मातृ औंसी" भनिएको पाइन्छ । सबै हिन्दू नेपालीहरुले श्रद्धा र भक्तिपूर्वक यो दिन कसैले खुसियालीको साथ अनि कसैले विषादपूर्वक मनाउने गरेको पाइन्छ । नेवारहरुले पनि यस दिनलाई बढी महत्व दिएको पाइन्छ । नेवार सम्प्रदायमा जीवित आमा हुने छोराछोरीले भावभक्ति दर्शाई आमालाई दही, अबीर र चामलको टीका र सगुन दिई मीठोमीठो पकवान, उमालेर तारेको फूल (अण्डा), फलफूलहरु हातमा चढाएर ढोग्छन् । विवाह भएर गएका छोरीचेलीले भने आफ्ना घरबाट धेरै थरिका पकवान, फलफूल, मीठाईहरु बोकेर ल्याई सगुन दिई आफ्ना दु:खसुख आदानप्रदान गर्ने गरिन्छ ।

मातृहीन छोराछोरीको निम्ति भने ठूलो अफसोच र विस्मातको दिन हो । मृत आमालाई सम्भी छोराहरुले आफ्नो कपाल खौरी नुवाइधुवाई गरी आमाको नाममा श्रद्धा र भक्ति पूर्वक पिण्ड दान गरी श्राद्ध वा क्रिया गर्दछन् । कसैले पुरोहितलाई जलदान, सीधा दान दिएर मातृ औंसी पालन गर्दछन् । यस दिन विशेष गरी काठमाडौंको मातातीर्थकुण्डमा नुहाउन, पिण्ड दान दिन अथवा श्राद्धकृया गर्न जान्छन् । यस कार्यबाट आफूले चढाएका चीजबीजहरु आमाले खान पाई स्वर्ग जान पाउँछन् वा तर्दछन् भन्ने जनविश्वास रहेको पाइन्छ ।

## ५.३.३ देवाली पुजा

बैशाख शुक्ल पक्षको तृतीया पछि सिठीनख:को बीच कुनै बिहिवार वा आइतबारको  दिन पारेर देवाली पूजा गर्ने परम्परा रहेको छ । नेवारहरुको यो खास पर्वलाई "द्येगु पूजा" भनिन्छ । यो देवाली पूजा गर्नाले आफ्नो कुलमा भएका विध्नवाधाहरु सबै हटेर गई लक्ष्मीले बास गर्दछिन् भन्ने विश्वास गरिएको पाइन्छ । यो पूजा विशेषगरी कुलको रक्षा र कल्याणको लागि आफ्ना इष्टदेवतालाई पूजा गर्नु नै "देवाली पूजा" गर्नु हो भनिन्छ । यस दिनलाई "त:दिं" ( बडा दिन) भन्ने प्रचलन छ । घरका सबै परिवार मिली ठूलो श्रद्धा भक्तिले आफ्नो गच्छेअनुसार फलफुल, नैवेद्य, पंचपकवान आदि तयार पारी इष्टतेवतालाई भाले, हाँस, बोका आदि बली चढाउने काम गर्दछन् । धूप-दिप बाली सिन्दूर र फूलमाला लगाई विधिपूवर्क पूजा गर्दछन् र बली चढाएपछि देवताको प्रसाद लिने काम गर्दछन् । नेवारी भाषमा यस प्रसादलाई "सम्हे नयगु" भनिन्छ । नाइके (थकाली) ले सबैलाई फूलप्रसाद दिइसकेपछि भोज खाने

काम गर्दछन् । देवताकहाँ बली चढाएको बोकाको टाउको विभिन्न किसिमका मासु भागहरु उमेरको क्रमानुसार वितरण गरिन्छ । जसलाई “सी कायगु” भनिन्छ । यो देवाली पूजा आफ्नो कूल धर्मअनुसार आजसम्म चलिराखेकै छ । यो चाडलाई धेरैजसो सिटी नखःमा मनाउने परम्परा रहेको छ ।

## ५.३.४ सिठी नखः (कुमार षष्ठी)

सिठी नखः जेष्ठ महिनाको शुक्लपक्षको षष्ठीका दिन पर्दछ । कसै कसैले यो चाडलाई षष्ठीको अपभ्रंशबाट “सिठी” हुन गएको हो भन्ने गरेको पाइन्छ । “नखः” को अर्थ चाड हो । यस दिन शिवजीका पुत्र कार्तिकेय कुमारको जन्म भएको हुँदा यस दिनलाई “कुमार षष्ठी” भन्न थालिएको हो । कार्तिकेय कुमारको अर्को नाम “सिठी” देवता हो । त्यसैले त्यस दिनलाई “सिठी नखः” भन्ने चलन हुन गएको हो भन्ने परम्परागत कथन छ ।

जेष्ठ शुक्ल षष्ठीका दिनमा घर सफा गरी गाईको गोबरले बाटुलो चकला गरी भई लिपी ६ वटा पात भएको कमलको फूलको पातमा “श्री ॐ लेखी श्री सिठी देवतालाई आराधना गरी पूजा गर्न र दाल मास, मुगी, केराउ आदिको ६ थरी मसलादार बारा (वं मह्री) बनाई चामलको पीठो, मकैको पीठो, गहूँको पीठो आदि ६ थरीको रोटी  (चटामरी) र ६ किसिमको नै तरकारी चढाई विधिपूर्वक पूजा गरे घरमा कुनै संकट र अनिष्ट हुँदैन भन्ने नेवारी जनधारणा रहेको छ । यस दिन सबै नेवार समुदायले आफ्ना ठाउँ थलाहरु सफासुग्घर गर्ने, बिग्रेको मर्मत गर्ने, बाटोघाटो खोलिने, इनार, धारा, पोखरी, कुलो आदि सफा गर्ने काम हुन्छ । वर्षा शुरु भएपछि मर्मत गर्ने तथा निर्माण गर्ने काम बन्द हुने हुनाले बर्षात् शुरु हुनुभन्दा पहिले नै यी कामहरु पूरा गरिहाल्ने व्यवस्था गरिराखेको हो ।

## ५.३.५ घण्टाकर्ण चतुर्दशी

श्रावण शुक्ल चतुर्दशीको दिनमा “घण्टाकर्ण चतुर्दशी” पर्व नेवारहरुको आफ्नो शहरवस्तीमा मनाउने गर्दछन् । भूतप्रेत, पिशाच आदिले घरभित्र दुःख दिइरहेको हुँदा त्यसलाई भगाउन त्यस दिन मानिसहरु विहानै नुहाइ धुवाई गरी देवीदेवताको थानमा पूजापाठ गर्दछन् र घरमा भूई लिपी शुद्ध पारी घरका जहान परिवारलाई रोग, व्याधि र भूतप्रेत नलागोस भन्ने उद्देश्यले पञ्चरंगी औंठी लगाइदिने गर्दछन् । त्यस दिन विशेष रोमाञ्चकारी मनोरञ्जन हुन्छ । टोल-टोलमा र चोक बहालमा गठेमंगल बनाइराखेको

हुन्छ । गठेमंगल खासगरी नर्कटको बोटका मुठाहरुले शरीर जस्तो बनाई अथवा छ्वाली (गहूँको नल) को मुठाहरुले हातखुट्टा बनाई नाङ्गलोलाई आँखा, नाक र मुखको चित्र बनाइदिन्छन् । त्यस माथि हाँडीलाई टाउको बनाई दिने गर्दछन् । यी गठेमंगलहरु दिनभरि चौबाटो तथा दोबाटो वा चोक टोलमा उभ्याई राख्छन् र साँझमा अश्लिल नारा लाउँदै केटाकेटीहरु तथा लोग्ने मानिसहरुको भीडले खोलामा लगी आगोले पोल्ने काम गरिन्छ । तान्त्रिकहरु यस पर्वलाई “चह्रे पूजा” भन्ने गर्दछन् ।

## ५.३.६ गाईजात्रा (सापारु)

हरेक वर्ष श्रावण शुक्ल पूर्णिमा (मलमास, पुरुषोत्तम मास परेको वर्षमा भाद्र शुक्ल पूर्णिमा) को दिनदेखि आठ दिनसम्म नेवारहरु विशेषगरी काठमाडौं उपत्यका र काभ्रे जिल्लाको सबै हर गाउँमा गाइजात्रा उल्लासमयका साथ मनाइने गरिन्छ । नेवारहरु श्रावण महिनालाई नवौं महिना मान्ने हुनाले यसलाई नेवारी भाषामा “गुन्हु पुन्ही” भन्ने गरेको पाइन्छ । यसै तिथिमा जनै लगाउनेहरुले जनै फेर्ने अवसरलाई “जनै पूर्णिमा” र ब्राह्मणहरुद्वारा मन्त्र पढी हातमा डोरो बाँधन लगाउने हुनाले “रक्षाबन्धन” पनि भन्दछन् ।

यो पूर्णिमाको दिनमा अष्टमण्डल अथवा चना, केराउ, भटमास, बोडी, मस्याङ, सिमी, मास, गहत आदि गेडागुडीहरु पानीमा केही दिन भिजाएर टुसा आउने गरी फुलाई ज्वानो, ध्यू, तेल र तेजपात आदि मरमसलाहरु हाली पकाएको रस खाएमा पेटको सारा रोगव्याध हटी शरीरलाई आराम हुन्छ र खाएको पनि पच्छ भनी खाने गर्दछन् । यसलाई नेवारहरु “क्वाँती” भन्दछन् । यस दिनलाई बौद्ध नेवारहरुले पनि भव्य रुपले पालन गर्दछन् । यस दिनमा नेपाल खाल्डो पानीले भरिएको बेला कमलको फूल फुली त्यही कमलको बीचबाट श्री स्वयम्भु भगवानको ज्योति उत्पत्ति भएको हो भन्ने भनाई पाइन्छ । त्यस दिनदेखि बज्राचार्यहरु र शाक्यहरु बाजा बजाई बहाल-बहाल घुमी पूजापाठ गर्ने गर्दछन् ।

त्यसै दिनको साँझमा “घिन्ताङ्गकिसी” भन्ने नाच ८ दिनसम्म शहरका विभिन्न भागमा परिक्रमा गराई राजनीतिक, सामाजिक, धार्मिक, सांस्कृतिक आदि विषय र समसामयिक परिस्थितिलाई व्यंग्यात्मक रुपमा प्रस्तुत गरी हँसाउन पाउने यिनमा अद्यापि प्रचलित छ । त्यस दिनदेखि रोपाइँको काम सकेर “सिन्हाज्या” भन्ने गाना र गोसाईकुण्ड जाने बेलामा गाउने “सिलुम्ये” भन्ने विरही गाना गाउन थालिन्छन् ।

पूर्णिमाको दोश्रो दिन अर्थात प्रतिपदाको दिनलाई नेवारहरु “सापारु” भन्दछन् । यस दिन वर्ष दिन भित्र मर्ने परिवारको सदस्यको सम्झनामा गाईलाई शहर परिक्रमा गराउँछन् । त्यस दिन गाईलाई पुजा गरी फलफूल, पंचपकवान आदि वितरण गरी गाईलाई शहर परिक्रमा गराउनाले स्वर्गमा द्वार खुल्ला भई मृतात्माहरुले स्वर्गमा स्थान पाउँछन् भन्ने विश्वास छ । गाई घर नफर्केसम्म परिवारका मुख्य व्यक्तिहरु निराहार भएर बसिरहनुपर्ने हुन्छ । यसलाई नेवारी भाषमा “बाच्छा लूइकेगु” भन्दछन् । कुनै ठाउँमा यस दिन पेरोङ्गोमा गाईको मुख चित्रित गरेको छापा टासेर विधिपूर्वक पूजा गरी कपालमा लगाउन लगाई मुखमा रंङ्गीविरङ्गी अद्भूत चित्र लेखि नक्कली जोगी बनाई शहर परिक्रमा गर्दछन् । कतै भने लामो खालको बाँसले चारपाटे बनाई कपडाले बेरी गाईको मुख आकार भएको छापा टुप्पामा टाँसी परालको सिङ्ग राखेर चमर, पंखा र छाता ओढाई दुईतिर लामो कपडाले तान्न लगाएर चारजना मानिसहरुले बोकाउन लगाई पुरोहितद्वारा विधिपूर्वक पूजा गरी शहर परिक्रमा गर्दछन् । साथै कतै रामायण नाच कतै घिन्ताङ्गकिसी नाच पठाउने चलन छ, तर यस्तो आयोजना धनीवर्गले मात्र गर्न सक्दछन् । गाईजात्रा आठ दिनसम्म हुन्छ भने तापनि गाईजात्रा पूर्णिमा र प्रतिपदा दुई दिनमात्र हुन्छ । परेवा ( सापारु) को दिनमा गाई प्रदर्शन र परिक्रमा हुन्छ । बाँकी ५ दिन केवल नाचगान र व्यंग्यात्मक तथा अनुकरणात्मक मनोरञ्जनहरु तथा ख्याली मात्र आयोजन हुन्छ ।

## ५.३.७ गोकर्ण औंसी

भाद्र कृष्ण औंसीको दिन जसरी मातृ औंसीमा आमाको मुख हेर्ने दिनको रुपमा लिइन्छ त्यसरी नै गोकर्ण औंसीमा बाबु अर्थात पिताको मुख हेर्ने दिन हो । एवम्रितले मातृ औंसीमा झै जीवित पिता भए छोराछोरीहरुले आफ्ना पितालाई ठूलो श्रद्धा र भक्ति अर्पण गरी मीठा-मीठा मिष्ठान्न लगायत तारेको फूल (अण्डा), फलफूल तथा दही र अक्षताको टीका निधारमा लगाई पिताको खुट्टामा ढोकी भावभक्ति दर्शाउँछन् । विवाहिता छोरीहरुले आफ्नो पिताको मुख हेर्न गच्छेअनुसार चीजवीजहरु लिई माइती आएर भक्तिभाव दर्शाउँछन् ।

त्यस्तै पितृविहिन छोराछोरीले शोक मानी पिताको सम्झनामा श्रद्धापूर्वक श्राद्धक्रिया, जलदान, सिधादान गर्ने गर्दछन् । त्यस दिन पितृहीन छोराछोरीहरु गोकर्णको चन्द्रभागा नदी र बागमती नदीको संगममा

स्नान गरी श्राद्धक्रियामा पिण्ड दान गराई ब्राम्हणद्वारा स्थापित गोकर्णेश्वर महादेवकहाँ दर्शन गर्न जाने गर्दछन् ।

## ५.३.८ गणेश चौथी (चतुर्थी)

हरेक वर्षको भाद्र शुक्ल चतुर्थीको दिनलाई गणेश चौथीको रुपमा मनाइन्छ । यसलाई नेवारहरु “चथाः” भनी मनाउँछन् । यस दिन मानिसहरुले श्री गणेश र चन्द्रमालाई राती पूजा गर्दछन् । कमलको पातमा नैवेद्य, केरा, सुन्तला, अनार आदि फलफूलहरु, पं पकवान, मकै, भटमास, मस्याङ, मास, मुगी, बदाम, चाना आदि ८ किसिमका गेडागुडीहरु भुटेर गणेश र चन्द्रमालाई चढाउँछन् । आरुको वियाँलाई पनि ध्यूमा भुटेर चढाउने गर्दछन् । त्यो दिन श्री गणेशलाई “चथाद्यो” नामले पुकारिन्छ । धार्मिक विश्वासअनुसार कसैले त्यस दिन राती चन्द्रमालाई हेऱ्यो भने आफूले नचोरे तापनि चोरको दोष लाग्दछ भन्ने कथन छ । त्यसैले सबैले आ-आफ्ना घरहरुमा साँझ पर्नासाथ झ्याल ढोकाहरु बन्द गरेर प्वालहरुबाट अलिकति पनि उज्यालो वा प्रकाश नछिर्ने गरी लुकिरहने चलन छ ।

## ५.३.९ दशैं

नेपालमा वा भारतका नेपाली बहुल संख्या क्षेत्रमा मानिने विभिन्न चाडपर्वहरु मध्ये दशैं हिन्दू नेपालीको निम्ति अति रमाइलो र ठूलो चाड हो । यो चाड आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमाको दिनसम्म मनाउने चलन रहे तापनि मुख्यतया सप्तमीदेखि दशमीसम्म धुमधामले मनाउने गरिन्छ । यस पर्वलाई धेरै नामले सम्बोधन गरिन्छ । कसैले दशै, कसैले “विजयादशमी” अथवा कसैले “दुर्गापुजा” अनि कसैले “नवरात्री” भनेर भन्ने गर्दछन् । तर नेवारहरुले “मोहनी” वा “मुहुनी” भनी भन्ने गर्दछन् । आ-आफ्नो घरको पूजाकोठामा “जमरा” उमारी “मोहनी” थापेर दुर्गा भवानीको आव्हान गर्ने भएकोले “मोहनी” भनिएको पनि पाइन्छ ।

आश्विन शुक्ल प्रतिपदाको दिन गंगाजी वा खोलाबाट पवित्र जल र माटो ल्याएर पूजाकोठामा जौ अर्थात “जमरा” राखी दुर्गा भवनी (भगवती) को आराधना पूजा गरी आ-आफ्नो कुलायन अनुसार पूजा

गर्दछन् र ईशानकोणमा कलश स्थापना गर्दछन् । जसलाई घटस्थापना पनि भन्दछन् । नेवार समुदायले यस पर्वलाई “स्वां सालेगु” भन्दछन् । घटस्थापना पछिको सात दिनदेखि दशैं सुरु हुन्छ र यस सात दिनलाई फूलपाती भनिन्छ । यस दिन नेवार समुदायले एक टुक्रा राँगाको मासु ल्याएर भए पनि पोलेर खानुपर्छ भन्ने कथन छ । आठौं दिनमा महाअष्टमीको पूजा हुन्छ । यसै दिन गणेश, लक्ष्मी, सरस्वती, कुमारको, १८ भूजा भएकी दुर्गा भगवती देवीको पूर्जाअर्चना गरी भोजको आयोजना गरिन्छ ।

अष्टमी र नवमीको मध्यरातलाई कालरात्री भनिन्छ । यस रात गुप्त रुपबाट तन्त्रमन्त्रानुसार विधिपूर्वक पूजाआजा हुन्छ । दशैंको नवौं दिनलाई महानवमी भनिन्छ । यस दिन भोग बली चढाउने काम हुन्छ । भगवतीको थानमा भोग बलीको रगतले खोला बगेर रगताम्मे हुन्छ । व्यापारीहरु पसलमा भएका ढक तराजु आदिलाई शिल्पकारले ज्यावलहरु, मोटर मालिकहरुले मोटरलाई विधिवमोजिम पूजा गरी बोका वली दिने काम गर्दछन् । साथै यस अवसरमा दोपायामा हाँस कुखुरा, चौपायमा बोका राँगा आदिको बली दिने गर्दछन् । यस दिनमा पनि नेवारहरु भोजमा नै व्यस्त र मस्त हुन्छन् । दशैंको दशौं दिन दशमी आखिरी एवम् अति महत्वपूर्ण पर्व हो । दशमीकै अपभ्रंश शव्द हुन गएको हो “दशैं” । यस दिनलाई “विजया दशमी” पनि भनिन्छ । यस दिनलाई धेरै जनश्रुति वा विंवदन्तीअनुसार महत्व दिइन्छ । दानवहरु र देवताहरुको ठूलो संग्राम मिच्चदा ९ दिन सम्म कुनै निर्णय हुन नसक्दा दशौं दिनमा देवताहरुले दानवहरुलाई परास्त गरी विजय प्राप्त गरेको हुँदा विजयादशमी नाम हुन गएको हो भनिन्छ । यसरी नै दुर्गा भवानीले महिषासुर (भैंसीको रुप लिने) राक्षसलाई मारी विजय प्राप्त गरेको हुँदा पनि विजया दशमी भनिएको हो । त्यस्तै प्रकारले सीता हरण गरी लङ्का लैजाँदा श्री रामचन्द्रले रावणमाथि आक्रमण गर्दा रावणको हत्या भयो र रामचन्द्रको विजय हुँदा पनि यो विजया दशमी को नाउँले प्रख्यात भएको हो भन्न सकिन्छ । जे होस् दशैंलाई आ-आफ्नै ढंगले नामाकरण गरी आफ्नै रीतिथिति र गच्छेअनुसार पालन गर्ने गरेको पाइन्छ ।

यस दिन घटस्थापनामा राखिएको जमरा निकाल्ने काम हुन्छ । आफूभन्दा ठूलाको हातबाट टीका लगाई जमरा, फलफूलको प्रसाद लिई आर्शिवाद लिने काम हुन्छ । टीका पूर्णिमा सम्म मानिसहरु एक आपसमा भाइचारको नाताले टिका लगाई आर्शिवादमाग्न जान्छन् । विवाहित छोरी ज्वाई ससुराली जाने महान अवसर पनि यसै पर्वलाई मानिन्छ । टाढा-टाढा देशविदेशमा रहेका आफन्तहरु पनि दशैं मनाउन

जसरी भए पनि आफ्नो घर आउँछन् । सबैभन्दा ठूलो पर्व भएकोले वडा दशै पनि भन्ने गरेको पाइन्छ । यस पर्वभरि विशेष गरी भगवती मन्दिर तथा शक्तिपीठहरुमा भीड हुने गर्दछ ।

## ५.३.१० तिहार (यमपञ्चक)

कार्तिक कृष्ण पक्षको त्रयोदशीदेखि कार्तिक शुक्ल पक्षको द्वितीया सम्म ५ दिन तिहार पर्व मनाउने परम्परा छ । यो चाडको समयमा ५ दिनसम्म यमराजले आफ्नो दैनिक कामकाज छोडी आफ्नी वहिनी यमुनाको घरमा अतिथि भई बसेको हुँदा यस चाडलाई यमपञ्चक पनि भनिएको हो । यो चाडको पहिलो दिन त्रयोदशीमा कागको पूजा गरिन्छ र यस दिनलाई कागतिहार भनिन्छ । टाढा-टाढाका समाचार ल्याउने र कीटाणुद्वारा रोग फैलाउने कुराको सूचना दिलाई मानिसलाई रोगव्याधिबाट बचाउने हुनाले यस गुणलाई सम्झी मानिसहरुले कागलाई मीठो-मीठो खानेकुरा दिने गर्दछन् ।

कार्तिक कृष्ण पक्षको चतुर्दशीका दिनलाई कुकुर तिहार भनिन्छ । कुकुर घरको रखवाला र विश्वासी पशु हो । यस आज्ञाकारी पशुलाई भैरवनाथ र यमराजको दूत पनि मानिन्छ । मर्ने वेलामा कुकुरले आनन्दसित यमद्वार पठाइदिने गर्दछ । यी सबै कारणबाट यस दिनमा कुकुरलाई पूजा गरिराखेको हो भन्ने भनाई रहेको पाइन्छ । साथै यस दिनलाई नरक चतुर्दशी पनि भनिन्छ  र कुकुरको साथै यमराजको पनि पूजा गरिन्छ । आफ्नो घरमा रहेको अथवा वाहिर टोल-टोलमा रहेको कुनै कुकुरलाई बोलाई फूलको माला पहिराई मीठा-मीठा खानेकुराहरु खुवाई प्रेमपूर्वक पूजा गरिन्छ ।

तिहारको तेश्रो दिन स्वती नक्षत्र परेको औंसी अमावश्यकको दिन हो । नेवारी भाषमा यो दिनलाई स्वन्ति भनिन्छ भने धनकी देवी लक्ष्मीको पूजा गर्ने हुनाले लक्ष्मीपूजा पनि भनिन्छ । गाईलाई पुज्ने हुनाले गाईतिहार पनि भन्ने गरिन्छ । यस दिन हरेक घरका परिवारले विहान घरलाई सफासुग्घर पारी आफ्नो गोठ भए वा नभए अरुकहाँ भएको गोठमा गई गाईलाई माता सम्झी व्यञ्जन, फलफूल आदि चढाई फूलको माला पहिराई पूजा गर्दछन् । यही दिन नै पञ्चकभरिका तिहारमध्ये ठूलो पर्व मानिन्छ । साँझपख झ्यालढोका, बार्दली आदि ठाउँमा बत्ती बाली झलमल्ल उज्यालो पारिन्छ । सयपत्री फूल, लालुपाते फूल, मखमली फूल र केराको बोट आदिले घरको सजावटमा बत्तीको लस्करले साँच्चै शोभायमान देखिन्छ । रात्री मूल ढुकुटी र पूजाकोठाको भुईमा तेल, अबीर आदिबाट पञ्चरङ्गी मण्डप लेखी धानको राशमा लक्ष्मी माताको आव्हान गरी विधिपूर्वक पूजाअर्चना गर्दछन् । साथै चामल, गहूँ,

केराउ, मुगी, मास आदि कुनै पनि पाँच किसिमको अन्न मानापाथीमा राखी कुबेरको पनि पूजा गर्दछन् । पूजामा धूपदीप, नैवेद्य, फलफूल, पानमसला आदि चढाइन्छ । त्यसैबोला कलश स्थापना गरी कुचो, नाङ्लो, भाँडाकुँडा, पैसा राख्ने कन्तुर आदिको पूजा गरिन्छ । यस पर्वमा विशेष गरी केटाकेटीहरु नयाँ नयाँ लुगाबस्त्र लगाई रमाइलो मानी गाउँघर भैंली खेल्छन् । यसै रातलाई दिवाली अर्थात शुभदिपावली भन्ने गरिन्छ । उग्रचण्डी नाला गा.वि.सं.का नेवार समूदायले भने भैलो र देउसी खेल्ने गरेको पाइदैन ।

तिहारको चौथो दिन अर्थात कार्तिक शुक्ल प्रतिपदा परेवाको दिन विहान गोवर्धन पूजा गरिन्छ । जसमा कसैले वलिराजा र साँढेलाई पनि पूजा गर्ने गर्दछन् भने कसैले गर्दैनन् । यस दिनलाई गोरु तिहार पनि भन्ने गरेको पाइन्छ । नेवारहरु यस दिनलाई अझ विशेष तवरले मनाउँछन् रातको वेला म्ह पूजा अर्थात् आफ्नो शरीरको पूजा गर्दछन् । यसै दिनबाट नेवारहरुले नयाँ वर्ष (नेपाल सम्बत अनुसार) मनाउँछन् । संसारमा सबैभन्दा बहूमूल्य चीज आत्मा हो । आत्मा नै देवता हो भन्ने हेतुले आत्मा पूजा अर्थात् म्ह पूजा गर्ने गरिएको पाइन्छ म्ह पूजा गर्दा शरीर सफासुग्घर र शुद्ध हुनुपर्छ भन्ने मान्यता राखेको पाइन्छ । म्ह पूजा गर्ने बेलामा भुई सफा गरी पानी र तेलले मण्डप लेखि मण्डप माथि पञ्चरङ्गी अबिरले सिंगारी धानको मुठीमाथि अक्षता फूल राखी धूप दीप बाली थकालीले सबैको शरीरमा फूल र लाबा (ताय्) ले अभिषेक गरेर टीका र फूलको माला लगाई दिई पूजा गर्दछन् । त्यसपछि उसिनेर तारको फूल, माछा (सिद्रा) र बारा ३ थरि सगुन थापेर खाइन्छ । त्यसपछि फलफूल ओखर, विमिरा र मिठाई रोटी, पान मसलाहरु दिएपश्चात भोज खाने गरिन्छ । यो पूजाको मुख्य उद्देश्य नै आफ्नो शरीरमा लागेको पापादि, रोगादि सबै नाश भई दीर्घायुको कामना गरिनु हो भन्ने भनाइ रहेको पाइन्छ ।

तिहारको अन्तिम दिन आर्थत कार्तिक शुक्ल पक्षको द्वितियालाई भाइटीका भनिन्छ । नेवारी भाषामा किजापूजा र संस्कृतमा भातृ द्वितीया भनिन्छ । विशेषतः यो घाम नअस्ताउँदै सम्पन्न गरिसक्नुपर्छ भन्ने भनाई रहेको पाइन्छ । दाजुभाईलाई पूजा गर्ने बेलामा दिदीबहिनीहरुले यमराजलाई साक्षी राखी तेलको मण्डप लेखि पञ्चरङ्गी अबिरले सिंगारी धानका मुठीहरुमा फूल अक्षता चढाई विधिविधानसित पूजा गर्ने गर्दछन् । यो पूजा गर्ने बेलामा ओखर, बिमिरा, फूल उसिनेर तारेको, बारा आदि हातमा दिई मखमली फूल र सयपत्री फूलको माला पहिराई दिई प्रेम श्रद्धापूर्वक पूजा गर्दछिन् । त्यसको सट्टा दाजुभाईहरुले उपहारस्वरुप साडी, चोलो, नगद आदि दिने गर्दछन् । यो पर्व यमुनाले यमराजालाई पूजा गरेको हुँदा

लोकका मानिसहरुमा पनि स्नेहले र मायाले पूजा गरि मनाउने अनुरोध यमराजमा मानिसहरुले गरेको हुँदा सो कुरा स्वीकार गरी सोही दिनलाई पर्व तोकिदिएर परम्परागत रुपमा यद्यापि मनाउँदै आएको हो भन्ने जनधारण रहेको पाइन्छ ।

## ५.३.११ धान्य पूर्णिमा (योमह्री पुन्ही)

मंसिर महिनाको पूर्णिमामा जब चन्द्रमा मृगराशीमा पर्छ त्यस अवसरमा यो पर्व नेवार समुदायले धुमधामले मनाउने गर्दछन् । यसलाई नेवारहरुले योमह्री पुन्ही भन्ने गर्दछन् । योमह्री भन्ने रोटी चामलको पीठोबाट लड्डु जस्तो चुच्चो पारी अंजिर आकारको र त्रिकोणाकार गरी दुई किसिमबाट बनाएको हुन्छ । यो रोटी नयाँ धान बालीबाट आएको चामलको पीठोबाट मात्र बनाइन्छ । अंजिर आकारको योमह्री भित्र चाकु (सक्खर वा गुंड) र तिल हालेर बनाइन्छ । तर त्रिकोणाकारको रोटी भित्र मुगी, मास र केराउ आदि पिसेर मसला बनाएको हुन्छ । पानीको बाफमा मात्र पाक्ने यो रोटी विशेषतः नेवारहरुको घरमा मात्र खाने चलन छ । वास्तवमा यो रोटी बालवालिकाको जन्मदिवसमा पनि उपयोग गर्ने गरिन्छ ।

धान्य पूर्णिमाको दिन नेवारहरुले योमह्री सकेसम्म ठूलो गरी बनाई यसको पीठोबाट श्री गणेश, कुमार, कुबेर, लक्ष्मी आदि विभिन्न देवीदेवताहरु बनाई धानको भकारीमा धानको राशमाथि राखेर विधिवमोजिम फलफूल चढाई धूपबत्ती वाली धानको भकारीमा धान कहिल्यै नरित्तियोस् बरु बढ्दै जाओस् भन्ने कामना गरी भक्तिपूर्वक पूजा गर्दछन् । त्यसपछि मात्र सबै परिवार योमह्री खान्छन् । साँझपखदेखि केटाकेटीहरु देउसी भैलो खेल्ने गर्दछन् जसमा निम्नप्रकारको गीत गाउने प्रचलन रहेको पाइन्छ :

योमह्री  चाकु उके दुने हामो

व्यू सा लासे मव्यूसाः बुरीकुती

उक्त गीतको सारमा भनिएको हुन्छ योमह्री देऊ, टुप्पो समेत खान्छु, दियौं भने तरुनी नदिए बूढी । गीतबाट यस प्रकार भट्याएर टोल-टोल, बजार, बहाल थर्काउँदै र कराउँदै खान माग्छन् । त्यस दिन स्वयम्भू, पशुपति, गुह्येश्वरी आदि ठाउँ र बनेपाको धान्यश्वर महादेव स्थानमा भक्तजनहरुको घूइचो लाग्दछ ।

## ५.३.१२ माघे संक्रान्ति (घ्योचाकु सलु)

जब सूर्य मकर राशीमा प्रवेश भएको पहिलो दि मकर संक्रान्ति हो । यसैले माघको पहिलो दिनलाई माघे संक्रान्ति भनी भन्ने गरेको पाइन्छ । नेवारी भाषामा ध्यु चाकू सन्हु वा हामो सन्हु भन्दछन् । यो दिन दोभान अथवा त्रिवेणीमा परेका तीर्थमा स्नान गरिन्छ र घरमा सबै परिवार जम्मा भई ठूलोले सबैको ठाउँकोमा तेल लगाई चिउरासित घिउ, चाकु, तिल, तरुल, मूलाको चाना, सिद्रा आदि प्रसादस्वरुप दिन्छन् र संक्रान्ति मनाउँछन् । यसरी यो पर्वमा उक्त चीजहरु खानाले शरीर स्वस्थ हुन्छ भन्ने कथन छ । यस दिन पनि केटाकेटीहरु यसरी गीत भटेयाई कराउँछन् :

ध्य चाकु सङ्ग्राती:

हेंय् या कपाः जीन ती:

अर्थात् घिउ, सक्खर र माछाको सिद्रा राख (देउ) हाँसको टाउको मलाई राख (देउ) ।

उक्त परिकारहरु खाइसकेपछि घाममा बसी सबैले आफ्नो शरीरमा तेल घस्ने गर्दछन् । जाडो मौसमको अन्त भएर गृष्मकालको प्रवेशले आफ्नो कुँजिरहेको शरीरमा फूर्तिलो पार्न यसरी शरीरमा तेल घस्ने गरेको हो भन्ने पनि कथन छ । यस दिन खोला, नदीको दोभान वा घाटतिर ठूलो मेला लाग्ने गर्दछ ।

## ५.३.१३ फागुपुर्णिमा (होली)

हरेक वर्ष फागुन महिनाको अष्टमीदेखि पूर्णिमाको दिनसम्म अर्थात एक हप्तासम्म ठूलो पर्वको रुपमा मनाइन्छ । यो फागनु महिनामा हुने भएकोले नेवारहरु यसलाई पर्वको रुपमा मनाउँदछन् । यो फागुन महिनामा हुने भएकोले नेवारहरु यसलाई फागु पनि भन्दछन् । जाडो मौसमको कठोर प्राकृतिक यातना सहेका किराफटेङ्ग्राहरु देखि लिएर चराचुरुङ्गीहरु पनि आ-आफ्नो सुन्दरतालाई प्रदर्शन गरेर जीवात्माहरु भेगविलास, कामवासनाबाट तृप्त हुन बहुत उत्सकु हुन्छन् । तसर्थ पुरुष जातिले स्त्री जातिलाई यौवनको उन्मादमा आफूतिर आकर्षण गराउन मुखमा रंगविरङ्गको रंग हाल्न लगाएर हाँसो उठ्ने किसिमबाट हँसाउने, नाच नचाउने, गाना गाउने, जिस्क्याउने खेल खेल्ने आदि मनोरञ्जन गर्ने गर्दछन् । जसले गर्दा स्वी जातिले आफूलाई आकर्षण गर्न पाओस् र आफ्नो कामवासना तृप्त गर्न पाओस् । यसै

प्रक्रियालाई फागु अथवा होली खेल्ने भनिएको हो । विशेषतः यो नेपाल र भारतमा भव्य रुपले मनाउने गरिएको पाइन्छ । भारतमा हिरण्यकशिपुकी बहिनी होलिकाको नाउँमा होलिका दहन भनी मनाइन्छ भने नेपालमा नेवारहरुले केवल मनोरञ्जनको निम्ति उमङ्गको साथ मनाउने गरेको पाइन्छ । तन्नेरी केटाहरु तरुनी केटीलाई खोजी खोजी अबीर र रङ दल्ने काम गर्छन् भने केटीहरु घरदेखि पटक्क बाहिर निस्कदैनन् । त्यसैले केटाहरु गीत गाउँछन् ।

भ्याः दंक तुकंमा

व्हे ल्यासे जित मा :

अर्थात् भ्यालभरि तोरीको माला छ, त्यही तरुनी मलाई चाहिन्छ ।

त्यसरी नै अर्को गीतः

अवीर या.होली तंचायाला ल्यासे

वहे ल्यासे मदुःसा जाः हे मनया ।

भनी गी पनि गाई हिँड्ने गरिन्छ ।

## ५.३.१४ अन्य चाडपर्व

सबै नेपालीले झै सामान्य रुपले भक्तिभाव दर्शाई नेवारहरु विशेष गरी नदी-घाट, मन्दिर आदि तीर्थस्थलमा स्नान, ध्यान, पूजा आदि विधिबमोजिम विभिन्न अन्य चाडपर्वहरु पनि मनाउने गर्दछन्, ती हुन- नागपञ्चमी, कृष्णाअष्टमी, बालाचुर्दशी, महाशिवरात्री, साउने संक्रान्ति, रामनवमी आदि ।

त्यस्तै प्रकारले नेवाहरुको आफ्नो ठाउँमा मात्र मनाइने तर अन्य ठाउँमा नमनाउने महान पर्व र जात्रा आदि उत्सवहरु छन्, जसमा काठमाडौंमा इन्द्रजात्रा र घोडा जात्रा, भक्तपुरमा बिस्केट जात्रा र श्री दुईमाज्यू देवी जात्रा, ठिमी जात्रा, ललितपुरमा भोटो जात्रा अर्थात् मच्छिन्द्र नाथ (रातो र सेतो) जात्रा, बनेपामा चण्डेश्वरी जात्रा, नालामा भगवती जात्रा र लोकेश्वर करुणामय जात्रा, दोलखामा भीमसेन

एकादशी जात्रा आदि । धेरै जसो संस्कारहरु अरु जातिसंग मिलेतापनि केही यस्ता जात्रा छन् जुन कतै पनि देखिदैन जस्तै यस उग्रचण्डी नाला गा.वि.सं.मा विशेषरुपमा मनाइने जात्रा तथा पूजाका बारेमा यहाँ चर्चा गरिन्छ ।

### ५.३.१४.१ महालक्ष्मी जात्रा

प्रत्येक वर्ष बैशाख महिना -नव वर्ष) को शुभारम्भमा पर्न आउने शुकल पक्षको द्वितियदेखि पञ्चमी चार दिन सम्म चल्ने महालक्ष्मीको जात्रा अति नै महत्वपूर्ण छ । यो चाडपर्व नाला देशको चाडपर्वहरुमध्ये एक हो र यो पर्व अन्य स्थानमा मनाइदैन । यसै पर्वको बीचमा पर्ने भगवान शंकर महादेव र पार्वतीको शुभ विवाहको दिन कसैको पनि शुभ विवाहको लागि साइत हेर्नु पर्दैन । यस द्वितीयकोदिन पनि यस वस्तीको सम्पूर्ण जनताको लागि महत्वपूर्ण दिन हो । द्वितीयाको दिन स्थानीय निवासीहरुले आफ्नो परम्परादेखि चल्दै आएको रीतिरिवाजअनुसार चोखो नीति गरी लक्ष्मी देवीको जात्रा शुरु गर्दछन् र वेलुकीपख दुम्व खुसी भन्ने ठाउँमा महादेवको मन्दिरमा भेट गराई निम्तो दिने काम पनि गरिन्छ र भोलिपल्ट अक्षय तृतीयाको दिन भगवती मन्दिर अगाडी ब्राह्मणद्वारा पूजापाठबाट बेलविवाह गराउने चलन छ । त्यस दिन र भोलिपल्ट महालक्ष्मीको जात्रामा सकेसम्म वेलुकीपख विभिन्न बाजागाजाका साथ ठूलो रथमा लक्ष्मीको जात्रा मनाई आ-आफ्नो टोलमा रथ जात्रा पुगेपछि विशेष उत्सवका साथ नाचगान गर्ने चलन पनि चल्दै आएको छ । यस विशेष पर्वमा भक्तपुरदेखि नौबाजा खलक आएर विशेष बाजा बजाउने चलन अहिले पनि छ । यस पर्वलाई नै यहाँका बासिन्दाले नाला भगवतीको जात्रा भन्ने गरेको पाइन्छ । वास्तवमा उग्रचण्डीलाई नै नाला भगवती भनिन्छ र यसै भगवतीको पूजालाई महालक्ष्मीको जात्रासंग तालमेल गराइएको छ भने यस पर्वको चौथो दिनमा हस्तपाउरहित भगवतीको मूर्ति मन्दिरभित्र लगेर राखिन्छ ।

### ५.३.१४.२ सखीमाली पूर्णिमा उग्रचण्डी भगवतीको पूजा

मंसिर पूर्णिमाको दिनलाई सखीमाली अर्थात् सकिमना पुन्ही भनिन्छ । यस दिनमा उग्रचण्डी भगवतीको मन्दिरको ठीक अगाडी साँझपख सबै गाउँलेहरु मिलेर लाबा, भटमास, पिंडालु आदिद्वारा दुरुस्त मन्दिरको चित्र कोरिन्छ र भगवतीको पाठपूजा गरी रातभर भजन गरिन्छ । भजन पछि पिंडालु र अरु

गेडागुडी -भुटेको मकै, भटमास आदि) लाई प्रसाद तुल्याई बाँडचुँड गरिन्छ । यसपछि जुन लावाबाट मन्दिर बनाइएको थियो । सो माघे पूर्णिमामा भनिने श्री स्वस्थानी कथाको लागि प्रसाद राख्दछन् ।

## ५.३.१४.३ सुष्टिकान्त लोकेश्वर वरुणामय जात्रा पर्व

यसको विशेष चाडपर्वमध्ये सुष्टिकान्त लोकेश्वर वरुणामय जात्रा पनि एक हो, जुन नेपालमा अन्य स्थानमा मनाइने गरेको पाइदैन । सृष्टिकान्त लोकेश्वर वरुणामय नेपालका ४ करुणामयमध्ये एक हो । अन्य तीन करुणामयमा काठमाडौंको इन्द्रचोक, केलटोलको जनवहालस्थित सेतो मछेन्द्रनाथ ( मत्स्येन्द्रनाथ) पाटनको बंगुमतीस्थित रातो मछेन्द्रनाथ र चोभारको करुणामय (आदिनाथ) लिन सकिन्छ ।

प्राचीनकालमा केरुङ्गका एकजना भोटेले राती श्रृष्टिकान्त लोकेश्वर करुणामयको मूर्ति चोरेर घरतर्फ लान खोज्दा यस ठाउँको पुण्यमती खोलामा आई पुग्दा विहान भैसकेको हुनाले लान नसकि पुण्यमती खोलामा फालिदिए सोही राती वनेपाका राजा र नालाका दुई पोडेहरुलाई सपनामा म श्रृष्टिकान्त लोकेश्वर हुँ, चोरले मलाई चोरेर पुण्यमती खोलामा फालेको छ । म भएको ठाउँमा माथितिर पानीको सतहमा थुप्रै कालो किराहरु (नेवारी भाषमा मुस्या की भन्ने) तैरिरहेको हुनेछ । तिमीहरुले मलाई नदीबाट निकालेर नदीको किनारमा मन्दिर बनाई राख भनेर सपनामा भने । सोही अनुरुप बनेपाका राजाले मूर्तिलाई नदीबाट निकाले ।

यसैले यो पर्व नाला निवासीको लागि मात्र नभई खासगरी काभ्रेपलाञ्चोक जिल्लाको सातवटा देश ( वनेपा, धुलिखेल, पनौती, साँगा, नाला, श्रीखण्डपुर र चौकोट) को नेवारी समाजको लागि अति महत्वपूर्ण मानिन्छ ।

प्रत्येक वर्ष फागु पूर्णिमाको भोलिपल्ट करुणामयलाई विशेष स्नान गराई नयाँ रुपमा सिंगार गराइन्छ । यसरी विशेष स्नान गराउने बेलामा यहाँ ठूलो मेला लाग्छ र त्यसबेला नेपालको विभिन्न स्थानहरुबाट धर्मावलम्वीहरु यहाँ मेला भर्न आउँछन् । अनि यसको भोलिपल्ट (फागु पूर्णिमाको पर्सिपल्ट) रथ यात्रा गरी नाला देशको परिक्रमा गराइन्छ ।

वि.सं. २०१० साल देखि सालबसाली करुणामयलाई दूध, दही, मह र ध्यू पानी मिलाएर पञ्च स्नान गराउने (धलीं लुइगु) पूजा र वि.सं.२०१६ देखि मात्र रथ यात्रा गरी देश परिक्रमा गराउने चलन चलेको हो ।

जनश्रुतिअनुसार सत्ययुगको कुनै एक समय यस नगिरीपुर (नाला देश) मा एक निर्दयी राजा दीर्घरथले राज्य गर्दथे । यस निर्दयी राजाको शासनकालमा १२ वर्षसम्म पनि पानी नपर्दा निजकी धर्मपत्नी सुधर्म देवीले लोकेश्वर करुणामयको स्तुति र पूजापाठ गरिन् । यसबेला  श्री लोकेश्वर करुणामयले निगाहा राखी चन्द्रदेवीको रुपमा दर्शन दिनुभयो । सबभन्दा पहिले उनले घोडाको रुप लिएर पापी राजालाई टाढा लगेर छोडे र आफू भगवान चन्द्रदेवीको रुपमा देखापरे अनि राजालाई अष्टमी ब्रतको नियम सिकाई सोही अनुसार कर्म गरेमा स्वर्ग जान सक्ने आश्वासन दिए । त्यसपछि राजा दीर्घरथले आफ्नो राज्य नगिरीपुर (नाला देश) मा फर्केर आफ्नो प्रजाहरुको साथ पुण्यमाता तीर्थ नदीमा स्नान गरी अष्टमी ब्रत गरे । फलस्वरुप त्यसबेलादेखि यस ठाउँमा हरेकले अष्टमी ब्रत गर्न थाले र यहाँको जनताहरु खुसी भए । अनि स्वर्गका अप्सराहरु पनि बेला बेलामा यस ठाउँको पुण्यमाता तीर्थ खोलामा आई स्नान गरी अष्टमी ब्रत गर्न थाले । पछि यस्तो सुखी ठाउँ देखेर स्वर्गका राजा इन्द्रलाई पनि इर्ष्या भयो र राक्षस रुप लिएर उनी पुण्यमाता तीर्थमा आएर जनतालाई ब्रतबाट भङ्ग गराई दुःख दिन थाले । यस्तो भएको देखेपछि चन्द्रदेवी रुपी सृष्टिकान्त लोकेश्वर करुणामयले भगवतीको रुप धारण गरी इन्द्रलाई आफ्नो कब्जामा लिए । यो देखेर राजा दीर्घरथले चन्द्रदेवी रुपी सृष्टिकान्त लोकेश्वर करुणामयको मूर्ति पुण्यमाता तीर्थ नजिकै एक मन्दिर बनाई सोही मन्दिरमा स्थापना गरी पूजा गर्न थाले । केही समयपश्चात चोरहरुले त्यस मूर्तिलाई चोरेर लगे । राजाले सो मूर्ति फेला परोस् भनी लोकेश्वर करुणामयको प्रार्थना गरे । सपनामा करुणामयले दर्शन दिए र भने कलियुगमा नालामा एकजना किराँती राजाले जन्म लिनेछन् जसले यो चोरिएको मूर्ति जुन कि बुङ्गमतीमा लगेर स्थापना गरिएको छ, नालामा फिर्ता ल्याउने छ । यसरी पछि किराँती राजाको पालामा उक्त मूर्ति बुङ्गमतीबाट चोरेर ल्याउँदा चोरहरुले पुण्यमाता तीर्थ खोलामा फालेकोले भोलिपल्ट नगिरीपुरका राजा र प्रजाहरु मिली पहिलेकै मन्दिरमा सृष्टिकान्त लोकेश्वर करुणामयको पुनर्स्थापना गरे । त्यसै सत्ययुगको कथाको आधारमा त्यस खोलाको नाम पुण्यमाता तीर्थ खोलाको नामले प्रसिद्ध छ र हरेक अष्टमीको दिन त्यस सृष्टिकान्त लोकेश्वर करुणामयको मन्दिरमा अष्टमीको दिन  अष्टमी ब्रत हुन्छ र यसको नित्य पूजा सोही अनुरुप आजसम्म चल्दै आएको छ ।

## ५.४. धार्मिक नृत्य

चाडपर्वको साथ साथै नेवार समुदायमा धार्मिक नृत्यको पनि महत्वपूर्ण स्थान रहेको पाइन्छ । काठमाडौंको देवी नाच, आकाश भैरव नाच, भक्तपुरको महाकाली नाच, नवदुर्गा नाच आदि ।

### ५.४.१ लाखे नाच

लाखे नाच काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा आदि शहरमा विशेष अवसरमा नचाउने गरिन्छ । यो नाचको परम्परा प्रचलित जनश्रुतिअनुसार काठमाडौंमा बैश्य ठकुरीहरुको राज्यकालदेखि शुरु भएको हो भन्ने गरिन्छ । तर हालको परिप्रेक्षमा हेर्ने हो भने सम्भवतः यो नाच अन्तिम मल्ल राजा जयप्रकाश मल्लको समयदेखि शुरु भएको हो । अति डरलाग्दो र आकर्षक रातो ख्वाःपा (मुकुण्डो) लगाएर “ट्ठ छ्याँय” को बाजाको तालमा नाचिने यो लाखे नाचले अति आकर्षित गराउँछ । बालबच्चादेखि युवा बूढासम्म यो रोमान्चकारी लाखे नाच हेर्न अति उत्सुक हुन्छन् । तासको चोलो र जामा लगाएको कम्मरमा ठूल्ठूला घङ्ला बाँधेको लाखे, उफ्री उफ्री नाच्दा जति रमाइलो हुन्छ त्यति बेला लाखेलाई झ्यालिन्चा -जोकर) ले जिस्काउने गर्दछ । त्यस जिस्काइले लाखे साह्रै रिसाउँदै झ्यालिन्चालाई पक्रन दौडेको दृश्यले वातावरण नै उल्लासपूर्वक र रोमाञ्चकारी बन्दछ ।

### ५.४.२ नवदुर्गा नृत्य

फागु पूर्णिमाको आठ दिन अघि भक्तपुरबाट नाला भई बनेपा धुलिखेल, श्रीखण्डपुर, चौकोट आदि नेवार गाउँ शहरमा नवदुर्गाको नृत्य शुरु हुन्छ । भक्तपुरमा विशेष तान्त्रिक विधिद्वारा विभिन्न देवीदेवताहरुको आकर्षक र डरलाग्दो ख्वाः पा (मकुण्डो) बनाई गाउने नाच्ने गरिन्छ । करिब लाखे नाच जस्तै लाखेचाको पहिरन छ । यसका देवीदेवताहरुमा गणेश, भैरव, सरस्वती, लक्ष्मी, महाकाली, सिम्मा, दुम्मा आदिको मकुण्डो लगाई “टिंकाल्ल टिकाल्ल” को ध्वनी र तालमा नाच्ने गरिन्छ । मकुण्डो धारण गर्नु अघि निधारमा मोहनी लगाउने गरेपछि अति शक्तिशाली बन्छन् र मकुण्डो धारण गरेर नृत्य प्रस्तुत

गर्छन् । महाकाली र भैरवको नृत्य अति नै रोमान्चक देखिन्छ । भक्तपुरबाट यो सर्वप्रथम नालामा ल्याइएको थियो र यसबारे एउटा जनश्रुति यसप्रकार छ :

भाद्रगाउँ (भक्तपुर) मा चामल बेच्न जाने मानिसहरु अकास्मात हराउन थाले । तिनीहरु कहाँ गए होलान भन्ने सोच्दा सोच्दै मानिसले चाल पाए कि तिनीहरुलाई नवदुर्गाले मध्यरातमा नै उज्यालो बनाई भोग लिएको रहेछ । कुनै नालामीले भक्तपुरमा चामल बेच्न जाने योजना बनाउने वितिकै नवदुर्गा गणले थाहा पाउँथ्यो । चामल बेच्न जाने योजना बनाएका नालामीलाई आकर्षित गर्न मध्यरातमै उज्यालो बनाउने गर्दथ्यो । उज्यालो भयो अव चामल बेच्न भाद्रगाउँ जानु पर्‍यो साथीहरु गइ सके होलान म मात्र पछि पर्‍यो भनेर चामलको भारी बोकी आफ्नो दैनिक दिनचर्या अनुरुप भाद्रगाउँ जाने भनी नालाबासीहरु जाँदा नाला बजारबाट १ किलोमीटर जति पश्चिमको ल्वापुङ्गो पाटी (सिमपाटी) भन्ने ठाउँनिर पुगेपछि अन्धकार हुने गर्दथ्यो । त्यसपछि नवदुर्गाको वाजाहरु नजिकै गुन्जिन थाल्यो । देवीहरुले क्रुद्ध मुद्रामा गएको मानिसलाई भोग लिने अर्थात भक्ष गर्ने गर्दथ्यो । धेरै मानिसहरु नोक्सान भएको दुःखदायी परिस्थितिद्वारा ज्ञान सिंह आर्चायजूलाई सही नसक्नु पीडा भइरहेको थियो । आफ्नो तान्त्रिक शक्ति माथि धेरै विश्वास र भरोसा गरेर तान्त्रिक उपायद्वारा नै नवदुर्गा गणबाट हुने नोक्सानीबाट नालावासीहरुलाई मुक्ति दिलाउने अठोट लिएर एक दिन पुजा सामाग्री राख्ने तामाको भाँडो (कलाली) मा आवश्यक पुजा सामाग्रीहरु सम्पूर्ण राख्नु भयो । जस्तै नेवार संस्कृति अनुरुप पुजा सामाग्री तयार गर्दा तान्त्रिक विधि विधान अनुसारको सामाग्रीहरु मध्ये गोजा (चिउरा वा चिउराको कनिका भिजाई सानो सानो किला जस्तो फेदमा फुकिएको र टुपो तिर चुच्चो बनाउँदै लगेको बस्तु) जजंका (मसिनो मसिनो जनाइ) यिनीहरुको विशेष महत्व हुने गर्दछ । फूल, अक्षता, चन्दनहरु, गोजा, जजंका, फलफूल, समय बजि, धूप बत्ती आदि बोको समस्या भइरहेको स्थान ल्वापुङ्गो पाटी ( सिमपाटी) तिर प्रस्थान हुनु भयो । सिमपाटीमा पुगे पछि सुनेको घटना आफैले प्रत्यक्ष देख्नु  भयो । ज्ञानसिंहको आगमन संगसगै नवदुर्गाको बाजाहरु नजिकै गुन्जिन थाल्यो ।

देवदेवीहरुले क्रुद्ध मुद्रामा उनलाई भोग लिन खोज्यो । अनि उनले ईश्वरसंग प्रार्थना गरे, प्रभु आज मेरो अन्तिम दिन हो । मैले प्रभुहरुको एक पटक श्रद्धाले पुजा गर्न पाउँ । त्यस पछि भोग लिनु होस भनी अनुरोध गर्दा सवै देवदेवीहरुले ज्ञानसिंहको प्रस्तावलाई स्वीकार गरे । देवदेवीहरुको सहमति पाए पछि पुजा गर्ने कार्य शुरु गर्न थाल्नु भयो । तत्पश्चात उनले आसनको निमित्त परालको मुठ्ठा प्रदान गरी

आसन ग्रहण गर्न सबैलाई प्रार्थना गरे । तान्त्रिक विधि विधानपूर्वक शुरु गरिएको पुजाको क्रममा तन्त्रशक्तिले गोजा किला भएर आयो, जजंका फलामको साङ्गला भएर आयो, त्यसरी तन्त्रशक्तिद्वारा निर्मित किलामा फलामको साङ्गलाले नवदुर्गा गण सबैलाई बाँध्नु भयो । पुजा आजा सकिएपछि प्रभु अब मलाई भोग लिए पनि भयो । मैले हजुरहरुको अन्तिम दर्शन गर्न पाए भन्दै हातले नभेटिने गरी भुईमा लडीबुडी गरे । ज्ञानसिंहको त्यस चर्तिकला देखेर नवदुर्गा गण शिरान देखिका देवताहरु उठेर भोग लिन प्रयास गरे । उठ्न खोज्दा कोही पनि चल्न उठ्न सकेनन् । निकै प्रयास भयो । तर प्रयास व्यर्थ भयो । धेरै समय पश्चात देवताहरुले हार मानी भन्न थाल्नु भयो । भो मनुष्य तिमीहरु यति शक्ति शाली होला भनी हामीले ठानेका थिएनौं । उज्यालो हुन लाग्यो । हामीहरुलाई वेइज्जत नगर । हामीले हाऱ्यौ । हामीलाई यस बन्धगबाट मुक्त गरी देउ । तिमीलाई हामी गुरु मान्छौं । तिमीले जे चाहान्छौं । त्यही मानुला भन्ने वाचा गरे । ती आग्रहलाई सम्मान गरी ज्ञानसिंहले केही शर्तहरु मान्नको लागि तयार गराउनु भयो । अब उप्रान्त ल्वापुङ्गो पाटीमा नवदुर्गा गणले नढुक्ने, नोक्सान नगर्ने, भोग नलिने, वर्षमा एक पटक नाला बजारमा परिक्रमा गरी पुजा र पशु वली ग्रहण गर्ने आदि भनी तान्त्रिकद्वारा वशमा पारी शर्तहरु पालना गर्ने कवोल गराएपछि छोडी दिए । यसरी वर्षको एक पटक नालाको बजारमा परिक्रमा गर्ने परम्पराको थालनी गरिएको थियो ।

त्यसैबेलादेखि यी नवदुर्गा हरेक वर्ष अद्यापि नाला, बनेपा, धुलिखेल आदि ठाउँमा दुई चार दिन रहँदै नाच देखाउँछिन् । भन्ने किंबदन्ती रहेको पाइन्छ । यहाँका सबै बासिन्दाले श्रद्धापूर्वक नवदुर्गाका सबै देवीदेवतालाई पूजा गरी रक्सी सहित भाले, हाँस, सुंगुर, राँगालाई भोग दिन्छन् । ती दोपाया तथा चौपायालाई ती देवीदेवताले आफ्नै हातका नंग्राले चिथोरेर रगत पिई भोग लिन्छिन् । विशेषतः भैरव ( सेता) द्वारा माछा मार्ने अभिनय अति रोमाञ्चकारी र मनोरञ्जनले भरिपूर्ण देखिन्छ ।

यसरी धार्मिक आस्था प्रकट गर्न सक्ने मनोभावना भएका नेवारहरु विभिन्न देवीदेवताहरुप्रति आफ्नो श्रद्धा र भक्तिभाव प्रदर्शित गर्न, आमोदप्रमोद भोग गर्न तथा भोजन सेवन गर्नका निम्ति विभिन्न प्रकारको पूजाआजा, रीतिरिवाज, विधिविधान, बाजागाजा, मेलाजात्रासहित यहाँका चाडपर्वोत्सवहरु मनाउने गरिएको पाइन्छ ।

# अध्याय ६ : सारांश, निष्कर्ष र सुझावहरु

## ६.१ सारांश

यस अध्ययनको मुख्य उद्देश्य नेवार जाति, नेपालका विभिन्न स्थानमा छरिएर बसोबास गरेको हुनाले सबै स्थानमा नेवार समुदायको परम्परा, रितिरिवाज र विधिविधान एक समान छैन । यही भिन्नताको प्रमुख कारण नै स्थानिय विशेषता हो । त्यसैले यस अध्यननमा स्थानिय विशेषतालाई छानेर समष्टिगत साझा संस्कार र परम्परागत चाडपर्वमा सीमित रही प्रस्तुत गरीएको छ ।

यस शोधपत्रमा काभ्रे पलाञ्चोक जिल्ला उग्रचण्डी नाला गा.वि.स मा रहेको ऐतिहासिक र पुरातात्विक महत्वका मन्दिरहरु, अभिलेखहरु, त्यँहाका नेवारहरुको जातिय परिचय, सामाजिक संस्कारहरु, धार्मिक आस्था एवं चाडपर्वहरु आदिको विस्तृत अध्ययन गरीएको छ ।

## ६.२ निर्ष्कष

उग्रचण्डी नालाका नेवारहरुमा संयुक्त परिवारको प्रचलन, संस्कृति र भाषामा स्थानिय विशेषता, गुठी परम्परा आदि प्रमुख विशेषताहरु भएका नेवार जातिको संस्कृतिमा आजको भौगोलिक, शैक्षिक, अन्तराष्ट्रिय सर्म्पक एवं वैज्ञानिक उपकरणहरुको उत्पादन र आपुर्ति तथा आर्थिक भार आदि बाट ग्रहण लाग्दै जान थालेको अनुभव  हुदैछ ।

नेवारी संस्कृतिको ब्यापक अध्ययन, अन्वेषण भएता पनि आजभोली नेवारी संस्कृतिमा देखिने संस्कारगत मान्यताहरु, चालचलन, रितीरिवाज, परम्परा आदिमा पुराना विचारधाराका बुढापाकाहरुको  तथा आधुनिक बैज्ञानिक प्राविधिक शिक्षा आर्जन गर्दै आइरहेका शिक्षित युवाहरुका बिच ठूलो अन्तराल र असामान्य दुरता वा ध्रुविकरण हुदै गइरहेको छ । अर्थात बुढापाकाहरुको परम्परागत कट्टरपना र युवाहरुको  पाश्चात्य संस्कृति प्रतिको झुकावले नेवारी संस्कृतिलाई समृद्ध पार्नुको सट्टा धुमिलो पार्दै लगेको आभाष हुन्छ । नेवार समुदायको मुख्य पेशा कृषि, घरेलु तथा कुटीर उद्योगका अतिरिक्त ज्याला, मजदुरी, नगन्य मात्रामा सरकारी नोकरी, ब्यापार तथा अहिले युवा पुस्ता प्रायः जसो वैदेशिक रोजगारीमा लागेको देखिन्छ ।

नेवार समुदायमा छुट्टै भाषा, संस्कृति र सामाजिक परम्परा भएको र आफ्नै मौलिक बाजा, जात्रा, पर्वहरु भएको हुँदा यिनिहरु आफैमा पूर्ण देखिन्छ । हरेक चाडवाड, संस्कार एवं जात्राहरुमा आफ्नो औकातले नभ्याए ऋण लिएर भएपनि खर्च गर्ने हुनाले उनीहरुको आर्थिक अवस्था माथि उठ्न सकेको छैन ।

## ६.३ सुझावहरु

नालाको नेवार समुदाएका साँस्कृतिक, धार्मिक तथा आर्थिक पक्षको बारेमा अध्ययन गरी यसको विश्लेषनात्मक आधारमा देखापरेका नकारात्मक पक्षको सुधार गर्ने सम्बन्धमा आवश्यक सुझावहरु यस प्रकार छन् ।

नेवार समुदायमा बर्षभरी मनाइने हरेक चाडपर्वमा भोग वली चढाउने प्रथा, महँगो भोजको आयोजना गर्ने परम्परा, चाडपर्वहरुमा लगाउने भेषभुषा, विभिन्न संस्कारहरुमा आवश्यक पर्ने सामाग्रीहरु उपलब्ध गर्नुपर्ने बाध्यता आदि आर्थिक भार हुन् । उखानै छ “बाहुन बिग्रियो मोजले, नेवार विग्रियो भोजले ” । त्यसैगरी धनी वर्गले बाहिरी आडम्बर प्रकट गर्ने सोखले गरीब वर्गको आर्थिक कमजोरीले ऋण लिएर समेत परम्परागत रितिरिवाज कायम राख्नुपर्ने बाध्यताको ठुलो संकट खडा भैसकेको छ । त्यसैले हरेक सामाजिक सांस्कृतिक पक्षबारे मितब्ययिता अपनाएर काम गर्नुपर्ने देखिन्छ । त्यस्तै अर्को जातिय विभाजनले गर्दा ठुलो जात र सानो जात भन्ने भावनाको विकाशले गर्दा धार्मिक निष्ठामा कमी हुदै गएको पनि पाईन्छ । यसैकारण नाला क्षेत्रमा रहेका युवापुस्ताहरुलाई त्यस क्षेत्रको प्राचीन संस्कृति सम्बन्धमा जानकारी एवं कर्तब्य बोध गराउनको लागी उनीहरुलाई त्यस बारेमा शिक्षा, तालिम एवं परम्परा एवं जात्राहरुमा सहभागि गराउनु उपयुक्त देखिन्छ ।

# सन्दर्भ ग्रन्थसूची


**खत्रि, प्रेमकुमार** — **नेपाली समाज र संस्कृति प्राचीन, मध्यकाल**, पाठ्क्रयम विकास केन्द्र, त्रि.वि.,कीर्तिपुर , काठमाडौं वि.सं. २०३६ ।

**गोपाल सिंह नेपाली** — **The Newars**, Bombay unitied asia publication, 1992 AD.

**जोशी सत्यमोहन** — **नेपाली चाडपर्व**, साझा प्रकाशन, काठमाडौं, वि.सं.२०६७ ।

**जोशी, हरिराम** — **नेपालका चाडपर्व,** जोशी रिसर्च इष्टिच्यूट, पाटन वि.सं. २०६०

**बज्राचार्य, मनवज्र** — **हाम्रो चाडपर्वहरुको विवेचना**, रत्न पुस्तक भण्डार, काठमाडौं, वि.सं. २०२५ ।

**मुनंकर्मी, लीलाभक्त** — **मल्लकालीन नेपाल,** रत्न पुस्तक भण्डार, काठमाडौं : नेपाल, आषाढ, २०२५ ।

**मुनंकर्मी, लीलाभक्त** — **हाम्रा सांस्कृतिक पर्वहरु र जात्राहरु**, दयारत्न शाक्य, काठमाडौं, वि.सं. २०४३ ।

**श्रेष्ठ, रत्नप्रसाद अनामणि** — **उग्रचण्डी नालाको अभिलेख संग्रह (भाग-१)** नाला काभ्रे, अनामणि प्रकाशन, (प्रथम वि.स.२०६९ श्रावण), पृ. ४१-५१ ।

**रेग्मी, जगदीशचन्द्र** — **नेपाली संस्कृतिको रुपरेखा**, अफिस अफ एण्टिक्वेरी : काठमाडौं, २०३५ ।

**शर्मा, जनकलाल** — **हाम्रो समाज : एक अध्ययन**, साझा प्रकाशन : ललितपुर, वि.सं. २०३९ ।